# सञ्चारकर्मीको आँखामा जनआन्दोलन

**लेखक-भिम गौतम**

**प्रकाशन मिति २०६४**

शुभकामना

परिवर्तनपछिको समय लर्खराउँदै अघि बढे पनि जनआन्दोलनले भने हिमाली देश नेपालको गौरव बढाएकै हो । समकालीन युवा पुस्ताले निरंकुशतन्त्रविरुद्ध त्यतिको संघर्ष गरेको इतिहास पढ्न पाउँदा सायद वैभवशाली राष्ट्रका नागरिक पनि रोमाञ्चित हुनेछन् । गरिव, परामुखी बनाइएका नेपाली नागरिक जागरुक विश्वका तुलनामा पिछडिएका देखिए पनि स्वतन्त्रताको चेत र चाहनामा भूगोलकै अग्रणीमध्येमा दरिएका छन् । तानाशाही शासनमा थिचिएका, पिल्सिएका र जन्मभूमिमै कैदी सरह नारकीय जीवन व्यतित गरिरहेका मानिसहरुलाई नेपालीक्रान्ति पक्कै पनि प्रेरणाष्पद बन्यो होला । यो हाम्रो विश्वास हो ।

को उठेन यहाँ, को बोलेन । लडेन को र कुन भाग मौन बस्यो ? हिमाल-तराई, पूर्व-पश्चिम कहिँकतैका जनता मौन रहेनन् । तानाशाहीविरुद्ध जाग्नु जागे नेपाली नागरिक ¤ अनि त ढल्यो मक्किएको जगमा उभिएका निरंकुश राजतन्त्र ¤

आन्दोलनका कथा-गाथा आज हाम्रा लागि आफै लडेकाले गफका विषयमात्र हुनसक्छन् । तर, भावी पुस्ताका लागि यो रोमाञ्चकारी कथा बन्नेछ । इतिहासको यो जिउँदो-जाग्दो गाथा गाउनै पर्छ भावी पुस्ताले । त्यसैले यसको अभिलेख हुनु जरुरी छ । जनआन्दोलनमा भएका त्याग-तपस्या, बलिदान र योगदानको सिंगो इतिहास अभिलेख हुनुपर्दछ । स्थानीय तहमा भएका योगदानको मसिनो अभिलेखको छुट्टै महत्व छ । यस्तै अभिलेख गर्ने कार्यमा काभ्रेका उत्साही युवा पत्रकार भीम गौतम अग्रसर भएका छन् । यो पुस्तक भीमको उत्साह र जाँगरको फल हो । आफै प्रेस स्वतन्त्रताको आन्दोलनमा निरन्तर सहभागी भएका गौतमले जनआन्दोलनको चित्र उतारेका छन् - यस पुस्तकमा । र, सिंगो काभ्रेली जनमानसलाई गौरवान्वित तुल्याएका छन् ।

चार-चार जना अमर शहीद जन्माउने काभ्रेको इतिहास छुट्नै हुँदैनथ्यो । गौतमले काभ्रेली जनताको बलिदानको कथा उतार्दै जनआन्दोलनको मसिनो घटनाक्रमलाई अभिलेख गरेका छन् । जसले काभ्रेको योगदानको जीवन्त चित्र प्रस्तुत गर्नेछ । पत्रकार गौतमले देशका अन्य क्षेत्रका सहकर्मीहरुलाई पनि आफ्नो जिल्लाको जनआन्दोलन अभिलेख गर्न प्रेरित गर्नेछन् । यस कृतिले सबैलाई यस कार्यमा प्रोत्साहित गर्ने नै छ भन्ने मेरो विश्वास छ ।पत्रकार गौतमको जोश-जाँगर र मेहनत यस पुस्तकका पानाहरुले बताउँदै जानेछन् । जनआन्दोलनका साहसिक घटनाहरु लिपिवद्ध गर्दै जाँदा घटनाहरुमा आफूलाई एकाकार गरेर गौतमले पुस्तकलाई पठनीय बनाएका छन् । यो मिठासपूर्ण प्रस्तुतिले पाठकहरु लाभान्वित हुनुहुनेछ भन्ने मलाई विश्वास छ ।

सहकर्मी मित्र भीम गौतमको शुभकार्यको उच्च सम्मान गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

विष्णु निष्ठुरी
नेपाल पत्रकार महासंघका केन्द्रीयसभापति
०६४।१।१६

## अर्को आन्दोलनको आवश्यकता

विश्वकै इतिहासमा सर्वाधिक चर्तित नेपालको जनआन्दोलन पूरा भएको पनि एक बर्ष पुगेको छ । जनआन्दोलन निरंकुश ढाल्न, स्वतन्त्रता बहाली गर्न, नागरिकलाई अधिकार सम्पन्न बनाउन,

राजनीतिक र स्थायित्वका लागि थियो भन्ने कुरामा कोही असमत छैन । राजनीतिक दलले त जनआन्दोलनले माथि उल्लेखित कुराहरु पूरा हुँदै गएको ठहर गरेका छन् । निरंकुशता पनि कागजी रुपमा ढलेको छ । केही नाटकीय व्यवहारहरु परिवर्तन भएका छन् तर यसले थप अव्यवहारिक र शंकास्पद पनि बनाउँदै लगेको छ ।

जनआन्दोलनको मर्म र भावना पूरा हुन सकेको छैन । २१ बीरहरुले रगत वगाए, हजारौ घाइते भए, अरबौ धनजनको क्षति भयो तर वास्तविक राजनीतिक परिवर्तन हुन सकेन । राजदरबारको अधिकार सिंह दरबारमा आईपुगेको छ । बन्दुक बोकेर हिँडेको विद्रोही शक्ति सत्तामा सामेल भएको मात्रै छ । उसले बोकेका नाराहरु ओझेलमा परेका छन् । आम नागरिक पनि भयमुक्त हुन सकेका छैनन् ।

जनआन्दोलन दिवस मनाउन आतुर दलहरुले शहिदको रगतको सम्मान गरे कि गरेनन्, आन्दोलनको गन्तव्य पहिचान गर्दैछन् कि छैनन् ? हेर्न बाँकी छ । सत्ता प्राप्तिका लीग गरिएको झिनाझम्टी त्यसको ज्वलन्त उदाहरण हुन सक्छ । मुल कुरालाई बिर्सेर सहायक कुरातिर लाग्नु जनआन्दोलनप्रतिको धोका हो भन्ने आवाज सर्वत्र सुनिन थालिएको छ । सञ्चारकर्मीको आँखामा जनआन्दोलनको चर्चा गर्दा आन्दोलन उठाउनका लागि दलहरुमा द्धिविधा थियो, शंका थियो र संक्रिणता थियो । दलको आह्वानको सीमितता विपरितै जनताहरु सडकमा ओर्लिए । लाखौको संख्यामा जनलहर उर्लिएपछि आठ राजनीतिक दलको गठबन्धन मजबूत बनाउने प्रयास गरियो । गत बर्ष बैशाख ११ गते नै आन्दोलन स्थगित गरेर सम्झौता जानुले नै आन्दोलन अपूर्ण भएको महशुस गरियो । त्यसैले पनि आम नागरिकहरुको आन्दोलन रोकिएको छैन भनिरहेका छन् तर त्यसको नेतृत्व गर्न दलहरु तयार देखिदैनन् किनकि उनीहरु सरकारमा छन् । सरकारमा पुगेपछि सबै प्राप्ति भयो भन्ने मानशिकता पालेर बसेका छन् ।

इश्वरी ओझा
सभापति, नेपाल पत्रकार महासंघ काभ्रे शाखा

## जनआन्दोलन कम कष्टप्रद थिएन

आन्दोलन शुरु हुनुभन्दा अगाडी काभ्रे जिल्लाको सर्न्दभमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कांग्रेस प्रजातान्त्रिक र जनमोर्चा नेपालसँग भेटघाट, छलफल अगाडी बढाईरहेको थियो । जिल्लाको आन्दोलनलाई कसरी प्रभावकारी बनाउन बनाउने? जनभावना अनुसार सही नेतृत्व संयुक्त ढंगले दिन सक्छ कि सक्दैन भन्ने विषयमा छलफल केन्द्रित हुन्थ्यो । वस्तुगत परिस्थितीले गर्दा मौखिक सहमति भएका विषयहरु लिखित रुपमा अरु राजनीतिक पार्टीहरुले गर्न चाहेनन् । तर पनि मौखिक सहमति जसरी छलफलको वीचमा भएको थियो । त्यही रफ्तारमा आन्दोलन अगाडी बढिरहेको थियो । मौखिक सहमति अनुसार पनि सामन्तवादको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना नहुञ्जेलसम्म निरन्तर लड्ने प्रतिवद्धता थियो । तर त्यसो हुन सकेन । फरक-फरक दृष्टिकोणको आधारमा अगाडी बढेको राजनीतिक पार्टीहरु वस्तुगत आवश्यकताले जसरी एक ठाउँमा उभ्याउने काम भयो । त्यसमा विभिन्न खालको सीमा र वाध्यताहरु आउनु स्वभाविक थियो । त्यही सीमा र वाध्यताको वस्तुवादी ढंगले समीक्षा गर्दै कार्यकर्ता परिचालन, जनपरिचालन एवं राजनीतिक र फौजी योजनाको उचित तालमेल निरन्तर अगाडी बढाउँदै लैजाने काम भयो । त्यही सर्न्दभमा जनआन्दोलनलाई टेवा दिने हिसाबले पनौती ब्यारेक, दाह्रेगौडा, काभ्रे भञ्ज्याङको भीडन्त एवं ठोकर्पा मोर्चाहरु पनि खोल्दै अगाडी बढाउने काम भयो । शाही नगर चुनावलाई ध्वस्त बनाउने र आन्दोलनलाई निरन्तर उचाई प्रदा गर्ने हिसाबले भएको उक्त मोर्चाहरु काभ्रेको जनआन्दोलनको इतिहासमा अविस्मरणीय क्षणहरु हुन । देशभरि झै काभ्रे जिल्लाको जनआन्दोलनले पनि उचाई प्राप्त गर्दै थियो ,। त्यही बेला चैत्र २७ गते काभ्रे जिल्लामा जन्मेर पोखराको आन्दोलनमा भाग लिने

क्रममा भीमसेन दाहालको मृत्यु भयो । जसले आन्दोलनलाई आक्रोश र बदला भावको विकास गराइयो । देशभरिका आन्दोलनको केन्द्र मध्ये काभ्रे जिल्ला पनि एक हुन पुग्यो । काभ्रेली आमाले जन्माएका १९ दिने आन्दोलनमा पाँच सपूतहरु भीमसेन दाहाल, शिवहरि कुँवर, सगुन ताम्राकार, अनिल लामा र हीरालाल गौतमको रगतले सामन्ती निरंकुश राजतन्त्र फाल्ने जुन संकल्प गर्‍यो, त्यो पूरा भएको स्थिती छैन । १० बर्षको जनयुद्धको बलिदानको नयाँ संस्कृति १९ दिनको जनआन्दोलनमा पनि राम्रोसँग प्रदर्शन भयो । यदि त्यो बलिदानको नयाँ संस्कृतिलाई लाखौ जनसमुदायले आत्मसाथ नगरेको भए यो स्थिती विकास हुने थिएनन् । प्रतिकृयावादी राज्यसत्ताको भीषण सैन्य दमनको पर्वाह नगरी जसरी राष्ट्रका लागि हाँसीहाँसी बलिदान दिने संकल्प गर्नु भयो त्यो इतिहासमा स्वर्णिम अक्षरले लेखिनेछ । अर्को छुट्याउने नसिकने पाटो भनेको चाही नागरिक समाज र पत्रकार मित्रहरुको आन्दोलनप्रतिको महत्वपूर्ण योगदान अविस्मरणीय छ । हामी सबैले परिकल्पना गरौ, बम, बारुद, गोली र अश्रुग्याँस छल्दै रिपोर्टिङ गर्नु कम कष्ट प्रद छैन । जीवनलाई हत्केलामा राखेर समाजलाई सत्य, तथ्य सुचना प्रदान गरिरहनु हुने पत्रकार मित्रहरुको योगदानलाई पनि उच्च मुल्यांकन गर्नुपर्दछ । सामन्ती निरंकुश राजतन्त्रले जनताको जिब्रो थुतिरहेको स्थिती, पत्रकारहरुको कलममाथि प्रतिबन्द लगाईरहेको स्थितीमा एउटा पत्रकारले निभाउनुपर्ने भुमिका उसले जनताप्रति दिनुपर्ने न्याय, निश्चित रुपमा पत्रकारिता जगतबाट प्राप्त भएको छ । यसरी हेर्दा माओवादी पार्टीको तर्फबाट जिल्लाको सर्न्दभमा पनौती, पाँचखाल, कुन्ता महादेवस्थानमा जनतासँगै आन्दोलनमा सहभागी भएको थियो । काठमाडौको गोगबुमा जिल्लाबाट स्थानीय कार्यकर्ता पठाउने, कोटेश्वर तीन कुनेमा त्यही अनुसार लड्नु एउटा अबिस्मरणीय क्षण हुन । १० बर्षको महान नेपाली जनयुद्ध र १९ दिने जनआन्दोलनको संयोजनले वास्तवमा मालेमावाद र प्रचण्डपथको संयोजनको सिद्धान्तलाई सुन्दर ढंगले पुष्टि गरेको छ ।

सुर्यमान दोङ
माओवादी सांसद एवं काभ्रे जिल्ला सेक्रेटरी

## त्यो जनआन्दोलनको स्मरण गर्दा

निश्चय रुपमा जनआन्दोलन ०६२/०६३ मा यस काभ्रे जिल्लाले देश भरिमा अग्रस्थानमा रही जनआन्दोलन गर्‍यो । जनआन्दोलन संयोजन समिति काभ्रेले केन्द्रीय जनआन्दोलन समितिको कार्यक्रम र काभ्रेको वस्तुस्थितीको आधारमा विरोध र बन्दको कार्यक्रम काभ्रेली जनताको वीचमा राखी आन्दोलनको उत्सर्गसम्म ल्याउने काममा महत्वपूर्ण भुमिका निभाएको पाइन्छ । चैत्र २३ गते मशाल जुलुश, ३ नगर पनौती, बनेपा, धुलिखेल र काभ्रेका अरु महत्वपूर्ण गाउँवस्तीबाट आन्दोलन रुपी मशाल जुलुश लगायत निरंकुश शाही शासनका विरुद्धमा शुरु गरेका आन्दोलनबाट काभ्रे गाउँवस्ती, कुना मात्र होइन, नेपालभरिका गाउँ बस्तीहरुमा आन्दोलित गर्नका लागि महत्वपुर्ण भुमिका निभाएको छ । पनौती भेगबाट आन्दोलनको शुरुबाट महत्वपूर्ण भुमिका शुभारम्भ गरी काभ्रेमा शहर तथा गाउँवस्ती र घरघरबाट आन्दोलनमा मजदूर, किसान, उद्यमी, व्यापारी, पत्रकार, विभिन्न संघसंस्थाका प्रतिनीधिहरुको आन्दोलनमा सहभागिता गराउनु काभ्रेली जनताकै लागि गौरवको कुरा हो ।

जनआन्दोलन २०६२/०६३ का लागि काभ्रेको महत्वपूर्ण भुमिकाहरु गर्नका लागि काभ्रेमा संयुक्त जनआन्दोलन समितिले विभिन्न समयमा गरेका विचार गोष्ठी, विभिन्न ठाउँमा गरेका विरोध जुलुश र आमसभाहरुबाट महत्वपूर्ण भुमिका खेलेको पाइन्छ । अझ राजा ज्ञानेन्द्रले शाही सत्ताको प्रयोग गरी २०६२ माघ १३ गतेका दिन गर्न खोजेको नगर निर्वाचन बहिष्कारको जनआन्दोलन संयोजन समितिको नेतृत्वमा पनौती, बनेपा र धुलिखेलमा सकृय बहिष्कार, जुलुश र आन्दोलनबाट २०६२/०६३ को जनआन्दोलनलाई उत्सर्गमा पुर्‍याउनका लागि जनतालाई जागरुक बनाउनका लागि अहम भुमिका खेलेको छ । माघ १३ गतेको शाही नगर निर्वाचनमा बहिष्कारमा प्रहरी र

सेनाबाट पनौतीमा सुवर्णमान गोच्छे र बनेपामा हीरामान लामालाई शक्त घाइते बनाएर कुटपिट गरी घरबाट खसाल्नेसम्म निच काम गरेको र नगर निर्वाचन बहिष्कारको लागि जुलुश प्रदर्शनको क्रममा पनौती र बनेपामा जिल्ला र स्थानीय नेताहरुलाई पक्राउ र घर खानतलासी लिने, पनौतीमा जुलुशमा अश्रुग्याँस प्रहारले पनि आन्दोलनमा महत्वपूर्ण जगको रुपमा रहेको पाइन्छ । जनआन्दोलन २०६२/०६३ मा यस काभ्रे जिल्लामा १९ दिनसम्म लाखौ जनताले सहभागी गरी नेपाल अधिराज्यमा आन्दोलन सञ्चार गर्न महत्वपूर्ण भुमिका खेलेको छ । चाहे त्यो लाखौ जना महिलाहरुको जुलुश होस् चाहे त्यो नागरिक समाज, पत्रकार, विभिन्न संघसंस्थाहरु, किसान, मजदूर, सांस्कृतिकर्मी, व्यापारी, पुर्व जनप्रतिनीधिहरु आदिको नेतृत्वमा भएको आन्दोलनहरुको सकेसम्म सही तथ्य को आधारमा पुस्तक प्रकाशमा पत्रकारले समेट्नुपर्छ । अबका दिनमा कुनै पनि शासकहरुले जनताको भावनाविरुद्ध शासन गर्न खोज्दा निरंकुश राजा ज्ञानेन्द्रले स्थिती हुने हुँदा त्यस्तो कुसाहस गर्न नसक्ने सचेत गराउँदै आखिर जीत जनताकै हुन्छ भन्ने खबरदारी गर्न र विधिको शासनद्धारा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र निर्माणका लागि आउँदो संविधानसभाबाट नयाँ नेपाल निर्माणका लागि पुस्तकले महत्वपूर्ण भुमिका निभाउन सकोस भनी कामना गर्दै यस काभ्रेमा जनआन्दोलनमा सामेल भई शहीद हुनुभएका शिवहरि कुँवर र यस काभ्रेमा जन्म भई नेपालका विभिन्न ठाउँहरुमा शहीद हुनुभएका भीमसेन दाहाल, सगुन ताम्राकार र घाइते भई अचेत अवस्थामा रहेका मुकेश कायष्थ र यस काभ्रे जिल्लाबाट घाइते १२७ जना र आन्दोलनमा सहभागी भएका लाखौ जनताको योगदानलाई सही मुल्यांकन गरी र अब कुनै पनि निरंकुशता लाद्न खोजेमा काभ्रे जिल्ला यो भन्दा शसक्त आन्दोलन गर्न आत्मबल पुस्तक प्रकाशनका होस् भनी कामना गर्दछु ।

तीर्थबहादुर पसखल
नेका प्रजातान्त्रिक जिल्ला सभापति

## १९ दिने त्यो जनआन्दोलन

मैले २०६२/०६३ को शाही सत्ताको विरुद्धमा उर्लिएको आम जनविद्रोहको क्रममा काभ्रेमा उर्लिएको जनविद्रोहलाई विश्लेषण गर्दा मेरो तर्कलाई निरपेक्ष समर्थन गरेमा मेरो अन्धभक्त हुनेछ । मेरो विरोधीको तर्कलाई निरपेक्ष समर्थन गरेमा मेरो विरोधीको अन्धभक्त हुनेछ । आफैले विश्लेषण गरेर निष्कर्ष निकालेमा महामनुवा हुनेछ । हाम्रो काभ्रेमा हामी राजनीतिक दलको सामु जनआन्दोलन शुरु हुनु अगावै हामीसँग सैद्धान्तिक विवाद थियो । शहर केन्द्रिकृत आन्दोलन गर्ने नि आन्दोलनलाई गाउँगाउँमा विकेन्द्रित गर्ने भन्ने बारेमा हाम्रो विवादले निकास नपाउँदै केन्द्रीय संघर्ष समितिले तोकिएको समय नजिकिदै थियो । विवाद यथावत राख्दै हामीले आन्दोलन शुरु गर्‍यौ । आन्दोलन शुरु भएपछि पनि तीन वटा कोण आयो । एउटाः भौतिक सम्पत्ति र मानव क्षति बढी हुँदा मात्रै आन्दोलन सफल हुन्छ भन्ने उग्र विचार, अर्को आन्दोलनकारीको नाममा आन्दोलनलाई गलत दिशातिर मोडेर आन्दोलनलाई तुहाईदिने प्रतिगमनकारी कोण र अर्को आन्दोलनलाई सही दिशा पक्री रुपान्तरण गर्ने कोण थियो । त्यो अवस्थामा आन्दोलनलाई सही दिशा निर्धारण गरी आन्दोलनलाई सफलताको मैदानमा पुर्‍याउन हामीले इमिली डिक्सनको संसारका मानिसले जसलाई मुर्खता भन्छन्, विवेकी आँखा त्यसलाई सर्वोच्च ज्ञान भन्छ, संसारका मानिसले धेरै ज्ञान भन्ठानेको ठाउँमा विवेकी आँखा पूर्ण मुर्खता देख्छ, पूर्ण मुर्खतालाई नै धेरै ज्ञान मान्ने पक्षमा बहुमत छ, यो कुरा संसारमा जताततै प्रचलित छ, बहुमतले भनेको कुरा स्वीकार गरे तिमी सत्य मानिस हुन्छौ, अस्वीकार गरे तिमीलाई तत्काल खतरनाक पागल मानिन्छ र सिक्रीले बाँधेर पागलखाना वा जेलमा चलान गरिन्छ ।" यो भनाईलाई बुझ्न जरुरी थियो, हामीले बुझ्यौ ।

आन्दोलनकै क्रममा भीमसेन दाहालको शव पोखराबाट काभ्रेमा आएपछि थप समस्या उत्पन्न आयो । त्यस समस्या सुल्झाउने क्रममा शाही प्रशासनले दमनकारी नीति लियो । त्यसै क्रममा शिवहरि कुँवर शहीद भयो भने मुकेश कायष्थ, विक्रम कपाली घाइते भए । मुकेश हालसम्म अचेत

छ । त्यही दमनको कारणले आन्दोलन भिषण भयो । त्यतिखेरको अवस्थामा रजनीसको कागजको फूल र वगैचामको फुलको एउटै रुप हुन्छ, त्यो दुई वीचको भेद छुट्ट्याउने महामानव हुन्छ ।" यो भनाई पनि बुझ्यौ र ठीक आन्दोलनकारीहरुलाई गलत प्रवाहबाट बचाउनु थियो । हामीले बचायौ र आन्दोलन आंशिक रुपान्तरणको दिशामा गयो ।

जनआन्दोलनको उद्देश्य आमूल परिवर्तन परिवर्तन भएपनि संसद पुर्नस्थापनामा सम्झौता गरियो । अहिलेसम्म नेपालको राजनीतिमा रुपचन्द्रको भनाईले ठाउँ पाईरहेको छ । त्यो खतरनाक विषय हो । संसारमा सबै बहुला भएपछि बहुला छुट्ट्याउने मानिस कहाँ पाउनु" यो भनाई हाम्रो राजनीतिक पार्टीहरुमा स्मरण गराउनै पर्नेछ किनभने यो ०६२/०६३ को जनआन्दोलनमा मुखै नदेखाउनेहरु आज आन्दोलनको फाइदा ३८ हजारभन्दा बढी एउटा खुट्टामाथि अर्को खुट्टा खप्टाउँदै जँघा मुसारेर खाईरहेको छ । कथंकथाचित अर्को आन्दोलन गर्नुपर्‍यो भने यी भत्ता खानेहरु कहाँको दुलोभित्र पस्ने हुन । यो भन्दा अर्को विडम्बना के हुन सकिन्छ ।

कान्छाराम तामाङ<br>जनमोर्चा नेपाल काभ्रे

## प्रतिगमनविरुद्धको १९ दिने आन्दोलनलाई फर्केर हेर्दा

जिल्लामा १९ दिने जनआन्दोलनको शुरुको तयारीका दिनमा पर्चा, पम्लेट, मशाल जुलुश, कोणसभा गरी आम हड्ताल शान्तिपूर्ण रुपमा आह्वान गर्ने काम भयो । जनआन्दोलन आमजनताको आन्दोलन भएकोले जिल्लामा आम पेशागत संघसंगठन र वर्गको निरन्तर सहयोग र समर्थन कसरी जगाउने भन्ने नै मुख्य रणनीति बनाउनेतर्फ दलहरुको ध्यान केन्द्रित थियो । सोही क्रममा चैत्र २७ गते पुर्व निर्णय बमोजिम जिल्ला स्तरीय रुपमा बनेपा तीनधारामा चार दिने आम हडताल आह्वानको अन्तिम दिन विरोध सभा सम्पन्न गर्न तयारी स्वरुप बिहान नेमकिपाको कार्यालय बनेपामा सर्वदलीय बैठक भई रहँदा अघिल्लो दिन पोखरामा शहीद हुनुभएका भीमसेन दाहालको धुलिखेलमा शब ल्याएको भन्ने तत्काल प्राप्त सूचनाको आधारमा त्यस दिनको कार्यक्रमलाई श्रद्धाञ्जली सभामा परिणत गर्ने र शवयात्रा गर्ने, त्यसका लागि शहीद परिवासहित दलहरुको दुई जना प्रतिनीधिको रुपमा कञ्चनचन्द्र वादे र रघुवर चौ प्रधानलाई जिल्ला प्रशासन कार्यालय पठाउने निर्णय भएको थियो । उता बैठक चलिरहदैको बखत नालाबाट शहीद भीमसेन दाहालको हत्याको विरुद्ध आक्रोशित जनता नारावाजीसहित बनेपा आईरहेको सुचना आउँदा आउँदै जुलुश बनेपा आईपुगी सकेको थियो । बनेपामा त्यस दिनको प्रशासनको उत्तेजित र असंवेदनशिल व्यवहारका कारण एकातिर दलहरुका आधिकारिक प्रतिनीधि वेगर मनोमानि रुपमा शव बुझाएर शवयात्रा गर्न धैर्य गर्न पर्खिरहेका आन्दोलनरत जनतालाई झुक्याएर अर्को बाटोबाट शव एक्कासी नाला पुर्‍यायो । जसले शवयात्रा गर्न धैर्यका साथ पर्खिरहेका आन्दोलनरत जनतालाई झुक्याएर अर्को बाटोबाट शव एक्कासी नाला पुर्‍यायो । जसले शवयात्रा गर्न धैर्यका साथ पर्खिरहेका जनता आक्रोशित हुनु स्वभाविक थियो र त्यस दिन आन्दोलनरत जनसमुदाय प्रहरी प्रशासनवीच दिनभर बनेपामा झडप भयो । सोही क्रममा प्रहरीको गोलीले चारतल्लाको कौसीमा रहेका शिबहरि कुँवरमाथि गोली प्रहार गरियो र सोही दिन उहाँले शहादत प्राप्त गर्नुभयो भने शान्तिपुर्ण र निहत्या रुपमा सडकमा नाराबाजी गरिरहेका जनतामाथि (तीनदोबाटो चोकको) बैक सुरक्षार्थ छतमा बसिरहेका पुलिश प्रशासनले गोली प्रहार गर्दा मुकेश कायष्थ, विक्रम कपाली, पूर्ण श्रेष्ठ गम्भीर घाइते भए । आजसम्म पनि बनेपाका मुकेश कायष्थ बेहोश अवस्था रहँदा सम्पूर्ण राजनैतिक पार्टी र नागरिक समाज स्तब्ध छन् । त्यस दिनदेखि बनेपामा रात दिन प्रशासनद्धारा कर्फ्यु लगाइयो । कर्फ्यु कै समयमा र सञ्चार साधनको विच्छेदपूर्ण अवस्थामा जिम्मेवार राजनैतिक नेता कार्यकर्ताहरुलाई सामूहिक नीति निर्णयमा चल्नु अर्को महत्वपूर्ण चुनौती बने । अर्कोतिर घाइतेहरुको अवस्था बुझ्नु र शहादत प्राप्त गरेका शहीद शिवहरि कुँवरको स-सम्मान दाहसंस्कार गर्नु र आन्दोलन निरन्तर जारी राख्नु दलहरुको तत्कालकको जिम्मेवारी थियो । त्यही क्रममा चैत्र २८ गते

शिवहरि कुँवरको शव प्रशासनद्धारा दलहरुको सहभागिता विना सुटुक्क अन्तिम दाहसंस्कार गर्ने प्रपञ्च गरे । सो सूचनाको लगत्तै दलहरुको सर्वदलीय बैठक बसी स्थानीय प्रशासनद्धारा शहीद शिवहरि कुँवरको दाहसंस्कार दलहरुको निर्णय बमोजिम हुनुपर्ने अन्यथा त्यसबाट उत्पन्न हुने परिस्थितीको जिम्मेवार प्रशासन नै हुने भन्ने दलहरुको दबाबपूर्ण निर्णयपछि आन्दोलनरत दलहरुको उपस्थितीमा शिर मेमोरियल अस्पतालदेखि उग्रतीर्थघाटसम्म शवयात्रा गर्न दिने सहमतिमा शिर मेमोरियल अस्पताल चोकमा कुँवरप्रति श्रद्धाञ्जली कार्यक्रम गरी शवयात्रासहित उग्रतीर्थ घाटमा दाहसंस्कार सम्पन्न गरियो । सोही क्रममा स्थानीय प्रशासनद्धारा प्रायोजित आन्दोलनरत शक्तिभित्र लुकिरहेका केही गैर जिम्मेवार व्यक्तिहरुको उक्साहटमा शहीद शिवहरि कुँवरको दाहसंस्कार भईरहँदा सहभागी दलका नेता, कार्यकर्ताहरुप्रति अभद्र व्यवहार गर्न खोजिए । हरे आन्दोलनभित्र र आन्दोलन शक्ति कै नामबाट प्रतिगामीको घुसपैठ भईरहेको हुँदा घुसपैठप्रति जिम्मेवार नेता कार्यकर्ताहरु सचेत नै थिए । त्यही घुसपैठकै परिणाम स्वरुप पुलिश प्रशासन घाटसम्म पनि राजनैतिक नेता कार्यकर्ता आन्दोलित जनतामाथि आक्रमण गर्न आए । त्यसको आन्दोलित शक्तिले प्रतिरोध पनि गरे ।

धर्मलाल मानन्धर
नेमकिपा जिल्ला संयोजक

## प्रतिगमन विरुद्धको जनआन्दोलनभित्र

भीम जी,

तिमीले काभ्रेली जनआन्दोलनलाई बारे केहि लेख्दै गरेको सुनायौ बहुत खुसी लाग्यो । कमसेकम आन्दोलनको रापताप जोगाउनु पर्ने आवश्यकतालाई तिमिले समात्ने जमर्को गऱ्यौ । भन्न त भन्यो मलाई पनि केहि अनुभव कोरीदिन खै कहाँबाट पो सुरुगरुँ ? त्यसो त केहि दिन अघि मात्र मुकेश कायस्थको घरमा पुग्दा मुकेशको अनुहारमा मैले जनआन्दोलनलाई फर्केर पढेको थिएँ । उनको आमा मीरा कायष्थ र वुवा कृष्णमान कायष्थको आँखाबाट झरीरहेको आँसुको ऐना भित्र जनआन्दोलनलाई फेरी एक पटक नियालेको थिए । जनआन्दोलन कति बलिदान पुर्ण थियो ? । राजनितिको प्रत्यक्ष लाभसंग बाह्रहातको साईनो नभएका सर्वसाधारणको पनि कत्रो लगानी थियो ? त्यसै विश्व सामुन्ने नेपाली वीरताको बेग्लै गाथा लेखिएको पक्कै होईन । एकाध हप्ता अघिमात्र तिमि र मैले काभ्रे मिनिबसको हलमा ज्याम्दीको नवराज पराजुलीलाई भेटेको होईन र ? उनको खुट्टामा लागेको रीङ,घाउहरु बाट बगीरहेको पीप देख्दा जिउनै सिरिङ्ग भएको होईन र ? कस्तो तेज छ नवराजको अनुहारमा । शायद यस्तै सौर्य थियो भिमसेन दहाल, शिवहरि कुँवर, सगुन ताम्राकार, अनिलकुमार लामा र हीरालाल गौतमको शरिर भरी सपना भरी । एकछिन आफैलाई परेको चोट ठानेर सम्झौ त ! कस्तो भएको होला हाम्रा शहिदका आमाबावुलाई ? श्रीमतीलाई स-साना वच्चाहरुलाई ? आनिबानी जानेका आफन्त र गाँउलेहरुलाई । शहिदहरुलाई जन्म दिने काभ्रेले साँच्चै प्रचण्ड अग्नी दिएको थियो । निरंकुशताका सम्पुर्ण जञ्जिरहरु तोड्ने बलियो सामर्थ्य दिएको थियो ।

२०६१ साल माघ १९ गते बिहान लैनचौर स्थित म आफ्नै डेरामा थिएँ । केहिदिन अघिमात्र भाँच्चिीएको खुट्टाको भरखर प्लास्टर निकालेको थिएँ । शिक्षण असपतालमा फिजियो थेरापी चलिरहेको थियो । चाँडै खाना खाएर त्यता लाग्ने योजना बुन्दै थिएँ तर राजा ज्ञानेन्द्रको राज्यसत्ताको बेग्लै योजना योजना रहेछ । बिहानदेखि म बसेको घर सुरक्षा कर्मीको घेरामा परिसकेको रहेछ । मलाई हलचोकमा अत्यन्त जरुरी सल्लाह गर्न हाकीमले बोलाउनु भएको छ भनेर गिरफ्तारीको संकेत दिईयो । मैले पुर्जी माँगे थिएन । उनीहरुलाई यस्तै गल्फत्तीमा अल्मल्याउने बहाना मिल्यो । म भाग्ने कुरा थिएन,उनीहरुले छाडने कुरा थिएन । जुनकोठामा छिऱ्यो उनीहरु पच्छयाउँदै त्यहिकोठाको ढोका सम्म आई पुग्थे । कपडा फेर्ने प्रयोजनले म आफ्नो सुत्ने कोठामा छिरें फोन गर्न मनलाग्यो पहिलो फोन गिरिजावावुलाई गरें वालकृष्णले फोन रिसिभ गरेर गिरिजावावुलाई दिए । उहाँले राजा ज्ञानेन्द्रको यो अन्तिम दुष्शाहस हुन सक्ने र दृढता पुर्वक

ऐतिहाँसिक सँघर्ष अत्यावश्यक भएको बताउनु भयो । लामो कुरा गर्ने अवस्था थिएन फोन राख्यौ । फोन राखि नभ्याउदै रामकुमार मुल्मीको फोन आयो म घेरा बन्दीमा परीसकेको र वहाँलाई सुरक्षित रहन तथा केन्द्रको समन्वयमा रहेर आन्दोलन अघि बढाउन भने । त्यसपछि भेटघाट फोनमा सम्पर्क हुन सकेका क्षेत्रीय सभापतीहरु नगर सभापतीहरु संग स्थितिको अवगत गराएँ ।

मंगलबारको दिन थियो । कमला कमलादि गणेस्थान गएकी थिईन । आइपुगिन हतार हतार हलुवा बनाई दिइन मेरो पनि मंगलबारे ब्रतको दिन । पुजाआजा चाँडै सिध्याएर जो रुचेको हलुवा खाएँ र सुरक्षाकर्मीको गाडी चढैं । हलचोकमा त्यसअघिनै नरहरी आचार्य लक्ष्मण घिमिरे गोपालराईलाई पुऱ्याई सकेको रहेछ । एकपछि अर्को गर्दै गोपाल राम पहाडी तीर्थराम डँगोल,हरिबोल भट्टराई,त्रैलोक्य प्रताप सेन,रामनाथ अधिकारी लेखनाथ न्यौपाने शिव कुमार बस्नेत लाई त्यहि कोठामा ल्याइयो । निलाम्वर आचार्य र सिन्धुनाथ प्याकुरेललाई भक्तपुर दुवाकोट र कुन्दनराज काफ्ले लाई किर्तिपुर पुऱ्याएर अन्ततःत्यहि ल्याई पुऱ्याए । यसरी हामी १४ जना हलचोक सशस्त्रप्रहरीको घेरामा जम्मा भयौ ।

यही पृष्ठभुमिका सुरु भएको जनआन्दोलनमा जनताको विजय त भयो । तर शिल्ड,मेडल हात परिसकेको छैन । संबिधानसभाको चुनाब भएको छैन । मिति सम्म पनि तोकिएको छैन । फाल्गुन ७ गते खुल्लमखुल्ला वक्तब्यवाजी गर्ने,माघ १९ उल्टाउने राजालाई गद्धी विदाई भएको छैन । झन उल्टै दक्षिणकालीमा पुराना राष्ट्रिय धुनहरु बजेका छन । जनआन्दोलनको उपहास भएको छ घाइतेहरुको छटपटीमा मल्हम लागेको छैन । शहीद परिवारको विचल्लीमा खोई राज्यको कार्यक्रम ?

भीम जी ! गर्न धेरै बाँकी छ । त्यसो भनेर हामीले धैर्य गुमाईहाल्नु पर्नै पनि छैन । अराजकता हाम्रो साधन हुनु पर्दैन । दवाव आवश्यक छ तर उत्ताउलो र अभद्र होईन । हाम्रो गलत ब्यवहार र प्रदर्शनले उल्टै प्रतिगामीलाई खेल्ने मौका दिन सक्छ । त्यसले बरु हामीलाई घाटाहुन सक्छ अन्यथा देशी विदेशी प्रतिगामी कसैले चाहेर पनि नेपालमा अव राजतन्त्र टिकाउन असंभव छ ।

भीम जी ! लेख्दा लेख्दै निकै लामो लेखें । त्यसो त जनआन्दोलन संग गाँसिएका विगत र वर्तमान त्यसै पनि लामो छ । छोटो गन्थनले कहाँ सकिन्छ र ?

तैपनि, फेरी कुनै दिन कुनै हिसावले बाँकी गन्थन गर्दै गरुँला अहिले विदा ! तिम्रो सत्प्रयास मेरो शुभकामना !

**तिम्रै**
**मधु दाई**

## प्रकाशकीय

२३८ बर्षको निरंकुश राजसंस्थाले थिचेर राखेका जनताभित्रको आक्रोश १९ दिने जनआन्दोलनमा प्रष्ट देखिन्थ्यो । २०६२ साल चैत्र २४ गतेदेखि २०६३ बैशाख ११ गतेसम्म भएको जनआन्दोलनमा उर्लेको जनसागरले कसैलाई बंशको आधारमा होइन कर्मको आधारमा देशको प्रमुख बनाउने सन्देश दियो । २५ जनाले रगत बगाएर, हजारौ घाइते बनेर तथा लाखौ सहभागी भएर ल्याएको लोकतन्त्रले एक बर्ष वितिसक्दा पनि जनता जुन हकका लागि लडेका थिए त्यो हक प्राप्त नहुँदा १९ दिने जनआन्दोलनको भावना विपरित हुँदै गएको होकि भन्ने काभ्रेलीहरुको मनमा चिसो पस्न थालेको छ ।

जनआन्दोलनभरि काभ्रेमा मात्र भएका कार्यक्रमहरु र जनताको सहभागितालाई आज स्मरण गर्दा इतिहासलाई भुलाउँछ । हामीले २००७ सालको इतिहास पढेका थियौ । २०१७ सालमा राजा महेन्द्रले ल्याएको निरंकुशत पञ्चायतपछिका आन्दोलनबारे सुनेका थियौं र २०४६ सालको आन्दोलनलाई देखेका थियौं । तर आज २०६२/०६३ सालको जनआन्दोलनमा आफै सहभागी भयौं । हामी धेरै भाग्यमानी नेपालीहरुमा पछौं । जहानिया राणा शासनको अन्त्यका लागि कांग्रेसले गरेको शसस्त्र आन्दोलनबारे पढेका हामीले २०५२ सालदेखि चलेको शसस्त्र जनयुद्ध त हामीले प्रत्यक्ष भोग्यौं र शसस्त्र आन्दोलन गरेको पार्टी संसद र सरकारमा सहभागी भएको पनि देख्यौं । इतिहासका पानाभित्र सुनौलो अक्षरमा लेखिएका विगतहरुलाई पढ्दा र वर्तमानलाई नियाल्दा हामीले थाहा पायौं कि सबै घटनाहरु इतिहास बन्न सक्दैनन् र इतिहास बनाउनका लागि ती घटनालाई संग्रह गरेर राख्नैपर्दोरहेछ । काभेमा जनआन्दोलनभरि भएका कार्यक्रमहरु र घटनाहरुलाई समेटेर एउटा पुस्तक निकाल्न सके त्यो भविष्यसम्मको लागि एउटा दस्तावेज हुन सक्छ भन्ने मलाई लागेको थियो । यसै वखत साथी भीम गौतमले जनआन्दोलनबारे किताब लेख्ने कुरा गरेपछि मैले के सहयोग गर्न सकिन्छ भनेर सोधे र प्रकाशकको भुमिका सहजै निर्वाह गर्ने निर्णय गरे । प्रकाशकको भुमिका निर्वाह गर्न पाएकोमा म एकदम खुशी छु । सञ्चारकर्मी भएको नाताले सञ्चारकर्मीलेनै लेखेको सञ्चारकर्मीको आँखामा जनआन्दोलन पुस्तक धेरैका लागि उपयोगी हुनेछ भन्ने आशा मैले लिएको छु । जनआन्दोलनबारेको यो पुस्तक पढेर जिल्लास्थित राजनैतिक दलका प्रतिनीधिहरु, विभिन्न संघसंस्थाका प्रतिनीधिहरु, समाजसेवीहरु, पेशाकर्मीहरुले थप सल्लाह सुझाव दिनुहुनेछ भन्ने आशा राखेको छु ।

भोला थापा
प्रकाशक

## सञ्चारकर्मीको आँखामा जनआन्दोलनबारे भन्नुपर्दा

एउटा पत्रकारको कलम चार हजार संगीनभन्दा बढी बलियो हुन्छ । यो भनाई सुनिएकै थियो तर जनता लाखौ हतियारभन्दा बलिया हुँदा रहेछन् भन्ने पुष्टि चाही जनआन्दोलन २०६२/६३ ले प्रमाणित गरेको छ । जनसागरले नै हजारौ बन्दुकसहित सेना लिएर जनतामाथि निरंकुशता लादिरहेको राजा ज्ञानेन्द्रलाई परास्त गरिदियो । हजारौ सेना र बन्दुक हारे अनि जनता जिते । जनआन्दोलनको सबैभन्दा ठूलो विजय त्यही हो ।

काभ्रेकै सर्न्दभमा कुरा गर्दा तत्कालीन अवस्थामा जनआन्दोलन दबाउनेहरुको नामावली तयार गर्ने संयुक्त जनआन्दोलन समिति काभ्रेको निर्णयलाई नेताहरुले बिर्सेका छन् । जनआन्दोलनमा दबाउनेमा नेताहरुले तत्कालीन प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला, प्रहरी प्रमुख र प्रहरी निरीक्षकहरुलाई मात्र देखेका छन् । तत्कालीन मनोनित जिविस सभापति र सदस्यहरु लगायत उनीहरुका सहयोगीलाई नेताहरुले देखेनन् । तीनै आज विभिन्न दलहरुमा लोकतन्त्रवादी अझ गणतन्त्रवादी भएर छिरेका छन् । हिजो शाही सरकारको सहयोगी बनेकाहरु आज खुलमुखुल्ला छाती फुलाएर हिडेका छन् र हिजो जनआन्दोलनमा सहभागी भएकाहरुलाई लोकतन्त्रको पाठ सिकाउन थालेका छन् । जनआन्दोलनमा जनता हावी थिए तर सत्तामा दलहरु हावी भएका छन्, जनता छाँयामा परेका छन् ।

सात दलको आह्वान र माओवादीसहितको समर्थनमा भएको सो आन्दोलनमा यति जनता ओर्लिए की पहिला जनामा सीमित आन्दोलन हजारमा मात्र होइन, लाखौमा परिणत भयो । लाखौ जनता सडकमा ओर्लिएर निरंकुशताविरुद्ध र राजा ज्ञानेन्द्रविरुद्ध चर्का नारा लगाउन थाले । तीन दिने आन्दोलन १९ दिनसम्म चलेर जनआन्दोलनमा परिणत भयो । नेपालको आन्दोलनको कुरा गर्दा काभ्रे जिल्लामा भएको र काभ्रे जिल्लावासीले गरेको आन्दोलन महत्वपूर्ण रह्यो । काभ्रेलीले काभ्रेका शहर र गाउँ मात्र होइन, राजधानी काठमाठौका शहरदेखि जिल्ला जिल्लामा गएर आन्दोलनमा

महत्वपूर्ण भुमिका खेले । काभ्रे जिल्लाका मात्र जनआन्दोलनको क्रममा ५ शहीद भए । १ सय २७ जनाभन्दा बढी घाइते भए । जनआन्दोलनको क्रममा २०६२ साल चैत्र २७ गते बनेपामा गम्भीर घाइते भएका बनेपाका मुकेश कायष्थको अझै होश खुलेको छैन । वाल्टीङका शिवहरि कुँवरले बनेपामा शहादत प्राप्त गरे भने काभ्रेको उग्रचण्डी नाला घर भएका भीमसेन दाहालले पोखरामा, कार्तिके देउरालीका हीरालाल गौतम (जस्को जन्मस्थान कार्तिकेदेउराली हो हाल बारा ) ले बारामा तथा पनौतीका सगुन ताम्राकार र नार्गेगगर्चेका अनिल लामा (जसलाई काठमाडौ भनिएको छ तर जन्म काभ्रेनै हो ) ले काठमाडौमा शहादत प्राप्त गरे । जनआन्दोलनमा पाँच/पाँच जनाले रगत बगाएको र लाखौले ज्यानको पर्वाह नगरी गोली थाप्न तयार भएका काभ्रेवासीको जनआन्दोलनबारे नेपालको इतिहासमा सुनौलो अक्षरमा लेखिनेछ भन्ने आशा हामी छौ । राजधानी लगायत नेपालका विभिन्न जिल्ला र क्षेत्रमा जनआन्दोलनमा महत्वपुर्ण भुमिका खेल्ने काभ्रेलीले काभ्रेमा के के गरे भनेर त्यसको अभिलेख राख्नुपर्ने आवश्यकताको महशुस भएपछि त्यही जनआन्दोलनमा सहभागी मैले १९ दिने जनआन्दोलनभरिका जनताले देखाएको साहसलाई समेटेर एउटा संग्रह लेख्ने निष्कर्षमा पुगे । त्यो संग्रहमा गाउँगाउँमा भएको आन्दोलन र काठमाडौमा काभ्रेलीले गरेको आन्दोलनबारे संक्षिप्त रुपमा समेट्ने जमर्को गरेको छु ।

जनआन्दोलन भईरहँदा र त्यही जनआन्दोलनको समाचार संकलन गरिरहँदा मलाई लागेको थियो, दिनदिनै भएका आन्दोलनका घटनाहरु टिपेर राखे, भविष्यसम्म काम लाग्छ । जब आन्दोलन १९ दिनसम्म लम्बियो, त्यसपछि म जनआन्दोलनभरि भएका आन्दोलनका कार्यक्रमको खोजीमा लागे । सञ्चारकर्मीको आँखामा जनआन्दोलन नाम दिइएको यो संग्रह मैले देखेका, भोगेका र थाहा पाएको आधारमा तयार भएको हो । भनिन्छ, थाहा पाएका सबै घटना सत्य हुन सक्दैनन्, कहिलेकाही देखेका कुरामा दृष्टिभ्रमको कारण गलत हुन सक्छ र भोगेका कुरा पनि अर्कै कोणबाट व्याख्या हुन सक्छ । तथापी सकेसम्म जनआन्दोलनभरिका घटनालाई सत्य, तथ्य र निष्पक्ष रुपमा कसैप्रति आग्रह र पुर्वाग्रह नराखी संग्रह प्रकाशन गर्ने जमर्को गरेको छु । आँखाको हेराईमा पनि फरक पर्न सक्छ । यो पुस्तक संग्रह वा अभिलेख मात्र हो । थाहा पाएसम्मका, भोगेसम्मका र देखेसम्मका कार्यक्रमहरु यहाँ समावेश छ । ती पुर्ण छैनन् अर्थात काभ्रे जिल्लाभरमा जनआन्दोलनभरका १९ दिनभित्र भएका सबै घटना नसमेटिएका हुन सक्छन् ।समेट्ने प्रयासका साथ ८७ गाविस र तीन नगरपालिकाका चिनेजानेका स्थानीयबासी र आन्दोलनमा सहभगीलाई मैले पटक पटक जनआन्दोलनभरि के के भए भनेर मागे पनि । केहीले त दिए तर धेरैले आन्दोलन त भएका थिए तर कति गते के भए भनेर भन्न सकेनन् । जसका कारण जनआन्दोलनमा भएका सबै कार्यक्रमहरु समेट्न सकिएको छैन । संग्रह प्रकाशन पश्चात तपाईहरुबाट तपाईका गाउँ/क्षेत्रमा भएका आन्दोलनका कार्यक्रमहरुबारे जानकारी दिएमा आगामी दिनमा यो संग्रहलाई ती सबै सहभागी गराई परिष्कृत रुपमा निकाल्ने विश्वास पनि दिलाउन चाहान्छु ।

सञ्चारकर्मीको आँखामा जनआन्दोलनै किन संग्रहको नाम राखियो भनेर धेरैले प्रश्न पनि राखे । अरुको आँखा र सञ्चारकर्मीको आँखा फरक छ र ? उनीहरुको प्रश्न थियो । विलकुल फरक छैनन् सञ्चारकर्मीका आँखा र अरुका आँखामा । सञ्चारकर्मीको विचार हुन सक्छ तर आजको एक्काइशौ शताब्दीमा पत्रकारिता कुनै निश्चित व्यक्ति वा समूहको विचारले चल्न सक्दैन । त्यो प्रमाणित भैसकेको छ । पत्रकारको आँखामा सधैं सत्य, तथ्य, निष्पक्ष,सन्तुलित र विश्वसनीय विवरणहरु मात्र हुनुपर्छ । त्यो प्रयास यो संग्रहमा गरिएको छ । जसले काम गर्छ, त्यसले मात्र चुनौती बेहोर्नुपर्छ । जो जनआन्दोलनमा आएनन्, न तीनले गाली पाए र न ताली नै पाए । जो आन्दोलनमा आए तीनिहरुले गाली, ताली मात्रै होइनन्, गोली पनि खाए ।

सर्वप्रथम यो संग्रह प्रकाशित गर्नका लागि झकझकाउने ती तमात काभ्रेली जनआन्दोलनकारीहरु, जनआन्दोलनका शहीदहरु र घाइतेहरुको स्मरण गर्न चाहान्छु । जनआन्दोलनको यो संग्रह तयार गर्ने क्रममा सहयोग गर्ने काभ्रेबाट प्रकाशित काभ्रे पोष्ट, मध्यमार्ग, नवक्षितिज, काभ्रे टाइम्स, चेष्टा, सुनकोशी साप्ताहिक परिवारका साथै विभिन्न राष्ट्रिय छापा तथा

विद्युतीय सञ्चारमाध्यममा कार्यरत जिल्ला प्रतिनीधिहरुलाई धन्यवाद दिनैपर्छ । विशेष गरी संग्रह प्रकाशनको लागि प्रकाशकको भुमिका खेल्नु हुने नेपाल टेलिभिजन काभ्रेका संवाददाता एवं नेपाल टेलिभिजनबाट प्रशारित सार्वजनिक सुनुवाई कार्यक्रमका निर्देशक भोला थापालाई धन्यावाद दिन चाहान्छु । पुस्तकको डिजाइन गरिदिने ज्ञानु मानन्धर, भाषा सम्पादन गरिदिने कान्तिपुर टेलिभिजनका खगेन्द्र भण्डारी र पुस्तक छापिदिने बन्दिकापुर छापाखानालाई मैले बिर्सनै मिल्दैन । नयाँ नयाँ काम गर्न उत्साह थप्ने पनौतीस्थित खोपासीका नारायण दाई (नारायण तिमल्सिना, हाल अमेरिका) लाई पनि यतिबेला धेरै सम्झना गर्न चाहान्छु । संग्रहबारे भुमिका खेलिदिने नेपाल पत्रकार महासंघका केन्द्रीय सभापति विष्णु निष्ठुरीप्रति म धेरै ऋणी भएको छु । जनआन्दोलनबारेको स्मरण लेखिदिएर सहयोग गर्ने नेपाल पत्रकार महासंघ काभ्रे शाखा सभापति इश्वरी ओझा, माओवादीका जिल्ला सेक्रेटेरी एवं सांसद सुर्यमान दोङ, कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापति तीर्थ पसखल, नेमकिपामा जिल्ला संयोजक धर्मलाल मानन्धर, जनमोर्चा नेपालका कान्छाराम तामाङ, कांग्रेसका युवा नेता एवं गणराज्य अभियानकर्ता मधु आचार्यलाई पनि मैले धन्यावाद दिनैपर्छ । जनआन्दोलनका तस्वीरहरु उपलब्ध गराईदिने फोटो पत्रकार भुवन भोछिभोयालाई मुरी मुरी धन्यावाद छ । प्रकाशनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सल्लाह सुझाव दिने नेपाल पत्रकार महासंघ काभ्रे शाखाका पुर्व सभापति भोजराज तिमल्सिना, पत्रकारहरु भगवती तिमल्सिना, महेश पौडेल, नारायण सापकोटा, शिव दाहाल, रामकृष्ण चापागाई, खुमानसिंह तामाङ, राजकुमार पराजुली, मोतिराम तिमल्सिना, दिपेन्द्र लामा, प्रदीप केसी, प्रल्हाद शर्मा हुमागाई, सरोज कुइकेल, दिनेश लामा, येदुनाथ देउपुरे, नवराज सापकोटा, नेपाल बार एशोसियसन काभ्रेका सचिव रमेश हुमागाई, पुर्वअध्यक्ष कृष्णप्यारी नकर्मी, नेपाल शिक्षक संघ काभ्रेका अध्यक्ष नारायण तिमल्सिना, शिक्षक नवराज तिमल्सिना  तथा मंगलटारका इन्द्रबहादुर श्रेष्ठ,दोलालघाटका सुरेश श्रेष्ठ, ढुंखर्कका भीमसेन तिमल्सिना, भुमिडाँडाका कुमार लामिछाने लगायतलाई पनि धेरै धन्यावाद दिनैपर्छ । मलाई जन्म दिने आमा सावित्री गौतम र बहिनी शर्मिला गौतमका साथै संग्रह तयार गर्ने क्रममा राम्रो वातावरण बनाईदिने जीवन संगीनी कमला घिमिरे गौतम, बहिनी लक्ष्मी गौतम र भाई केपी गौतमलाई पनि मैले यतिबेला सम्झनैपर्छ ।

भिम गौतम
लेखक

## चैत्र २४ गते

राजा ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते गरेको शाही घोषणापछि सात दलले निरन्तर रुपमा प्रतिगमनको विरुद्धमा आन्दोलन गर्दै आएका थिए । पटक पटक निर्णायक आन्दोलन भनेपनि त्यो आन्दोलन निर्णायक हुन सकेको थिएन । २०६२ साल चैत्र २४ गतेदेखिको आन्दोलनलाई निर्णायक भन्दै तीन दिने देशव्यापी आम हड्तालको आयोजना सात दलले गरेका थिए । आन्दोलनरत सात राजनीतिक दलले गठन गरेको संयुक्त जनआन्दोलन समिति काभ्रेको चैत्र १७ गते बसेको बैठकले पनि चैत्र २४ गतेदेखि २७ गतेसम्मको आमहड्ताललाई सफल पार्न काभ्रेवासीलाई आग्रह गरेको थियो । राजनीतिक दलका नेताहरुले पटक पटक निर्णायक आन्दोलन भन्दै आएकोले धेरैलाई यो आन्दोलन निर्णायक हुन्छ कि हुँदैन भन्ने आशंका थियो तर राजाको प्रत्यक्ष शासनबाट पीडित जनता उचित नेतृत्वको खोजीमा थिए । शाही शासनको प्रत्यक्ष मारमा परेका म लगायतका थुप्रै सञ्चारकर्मीहरु आन्दोलन कस्तो होला भनेर उत्साहका साथ हेरिरहेका थियौ ।

चैत्र २४ गते सञ्चारकर्मीको नाताले समाचार संकलन गर्न मुभी क्यामेरासहित इश्वरी ओझा, भोला थापा, भगवती तिमल्सिना, खगेन्द्र भण्डारी, नारायण सापकोटा, रामकृण्ण चापागाई, मानकाजी सुवाल, निरञ्जुल कायष्थ, राजकुमार पराजुली, खुमानसिंह तामाङ, महेश पौडेल, भुवन भोछिभोया, राजाराम कार्की, प्रदीप केसी, सरोज कुइकेल, रामशरण बजगाई, कञ्चन अधिकारी, भोजराज तिमल्सिना, आरएल श्रमजीवी, मधुसुदन गुरागाई, शिव दाहाल लगायतका

सञ्चारकर्मीहरुसहित बनेपामा  भेला भएका थियौ । दलहरुले निर्णायक आन्दोलन भनेकोले सडकभरि धेरै संख्यामा सुरक्षाकर्मी परिचालित गरिएका थिए । त्यहाँ थाहा भयोकि नेपाली कांग्रेस प्रजातान्त्रिकका पुर्व सभापति इन्द्रमणि अधिकारीलाई सुरक्षाकर्मीले भक्तपुरस्थित आफ्नै निवासबाट चैत्र २३ गतेनै पक्राउ गरेछ ।

सडकभरि सुरक्षाकर्मी परिचालित भएपनि बनेपाको चारदोबाटो पुग्दा बिहानैदेखि यातायात ठप्प थियो । पसल, कलकारखाना, विद्यालय बन्द थिए । तर बनेपामा रहेका सरकारी कार्यालयहरु भने खुल्ला थिए ।  केही सरकारी कार्यालयहरुमा काम भईरहेको देखेपछि ती कार्यालयहरुमा ताला लगाउन नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ट, डिकोण्ट, पेशागत महासंघ लगायत संघसंस्थाको आह्वानमा आन्दोलनकारीहरु कस्सिए । आन्दोलनकारीहरुले नेपाल बैक लिमीटेड, कृषि विकास बैक, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण लगायतका बेनपा शाखाहरु तथा वाणिज्य बैक धुलिखेल शाखा लगायतका सबै सरकारी कार्यालयहरुमा ताला लगाए । नेपाल दुरसञ्चार संस्थान बनेपा शाखाका प्रमुख उमेश अधिकारी त गेटमा ताला लगाएपछि भर्याङ हालेर अफिसबाट बाहिर आएको दृष्य रमाईलो थियो ।

बनेपाको तीनदोबाटोदेखि चारदोबाटोसम्मको सडकमा पेटीमा छरिएर केही मान्छेहरु आन्दोलनका लागि आएका थिएँ तर नेतृत्वको अभावले पूर्ण रुपमा आन्दोलनमा उत्र्न सकेका थिएनन् । २०६२ साल मंसीर ७ गते सात दल र माओवादीवीच भएको १२ बुँदे समझदारीले गाउँका मान्छेलाई सात दलको आन्दोलनमा आउन बाटो खुलेको उनीहरुले वताए । हामी कहिले तीनदोबाटो, कहिले गोदामचोक, कहिले शहिद चोक, कहिले चैतन्य चोक गर्न थाल्यौ । ती चोकमा भेटिने कतिपय आन्दोलन र नारा जुलुश नभएकोले बाध्य भएर सडकको पेटीमा बसेका थिए । हामीले उनीहरुलाई आन्दोलन उठ्ने आश्वासनका साथ ढाडस दियौ ।

व्यापक रुपमा सुरक्षाकर्मीहरु सडकमा परिचालन गरिएका थिए । जम्का भेट हुनासाथ पटक पटक प्रहरीले अबको आन्दोलन के छ भनेर भन्न थाल्थे तर हामी थाहा नभएको भन्दै अघि बढ्थ्यौ ।

जिल्लाका नेतृत्व वर्गका नेताहरु सडकमा थिएनन् बरु विद्यार्थीहरु प्रहरीको आँखा छलेर आन्दोलन गर्न तम्सिएका थिए । दिउँसो नहुँदै विद्यार्थीहरु राजाको विरुद्ध र गणतन्त्रको पक्षमा नारा लगाउँदै सडकमा ओर्लिए । हामी पनि सँगै थियौ । थौरै विद्यार्थी थिएँ तर जोश र जाँगर ठूलो थियो । बनेपाको चारदोबाटोमा आएर ती विद्यार्थीले अनेरास्ववियूका दीपक गौतमको संयोजकत्वमा १ सय ५१ सदस्यीय आन्दोलन समिति गठन गरेको घोषणा गरे । गौतमले आन्दोलनको पक्षमा भाषण गरिरहँदा प्रहरी आई पुग्यो फेरी विद्यार्थी कुना पसे ।

गजब र रमाईलो दृष्य देखियो त्यहाँ । विद्यार्थी र प्रहरीवीचको लुकामारी । जब प्रहरी कोही आन्दोलन गर्ने छैनन् भनेर तीन दोबाटोमा रहेको प्रहरी कार्यालयमा पुग्थे । तब आन्दोलनकारी विद्यार्थीले बनेपा गेष्ट हाउस, रेडक्रसचोक, चाँदनीचोक, चैतन्य चोक लगायतबाट नारासहित जुलुश निकाल्थे । चारदोबाटोको शालिक पुग्दा नपुग्दै प्रहरी फेरी आईहाल्थे । विद्यार्थी चारदोबाटोबाट रेडक्रस चोक हुँदै लुक्न कुद्थे । जुलुश चारदोबाटोतिर लम्केपछि प्रहरी भ्यानमा प्रहरी दगुरेर आउँथ्यो । विद्यार्थी बनेपा गेष्ट हाउसतिरबाट भागे । प्रहरीहरु मुल सडकबाट भित्र प्रायः गएका थिएनन् ।

त्यसकारण आन्दोलनकारीसँगै गेष्ट हाउसभित्रको एडभान्स नजिकै बसेर हामीले आन्दोलनबारे धेरै छलफल गर्यौ । हामी पत्रकार भएको नाताले स्वतन्त्रका साथ चारदोबाटोदेखि तीनदोबाटोसम्मका प्रहरीको संख्या हेरेर आन्दोलनकारीलाई भन्थ्यौ । हाम्रो काम भनेको आन्दोलनकारीहरुलाई उकास्ने र प्रहरी कता गएका छन् भनेर भनी आन्दोलन गर्न झकझकाउनु थियो । फेरी विद्यार्थीले बनेपा गेष्ट हाउस चोकबाटै जुलुश निकाले । प्रहरी तुरुन्तै आईहाले ।

विद्यार्थी र प्रहरीवीच गेष्ट हाउस नजिकै झडप भयो । विद्यार्थी प्रहरीबाट फुत्किए । विद्यार्थीहरुलाई प्रहरीले समाप्न गरेको प्रयत्न असफल भयो । दिनभर जसो प्रहरी र विद्यार्थीवीच लुकामारीनै चल्यो । दिनभर प्रदर्शनमा उत्रिएका आन्दोलनकारीमा कुनै थकान छैन बरु जोश जाँगर बढी थियो तर प्रहरी थकित देखिए । पत्रकारहरुलाई कहाँबाट जुलुश निस्कन्छ भन्ने थाहा हुने भएकोले होला केही प्रहरी सिआडी भने पत्रकारहरु पिक्षा गरिरहेका थिए । हामी पनि प्रहरीका आँखा छल्दै आन्दोलनकारीसम्म पुग्दै अघि बढ्यौ । आन्दोलन सफल पार्ने दायित्वका साथ समाचार संकलन गरिरहँदा हामीलाई छुट्टै खुशीको अनुभुति भईरहेको थियो ।

हामी बनेपामै भएपनि पनौती लगायतका क्षेत्रमा आन्दोलन भईरहेको खबर हामीलाई आईरहेको थियो । नयाँ ठाउँबाट आएका व्यक्तिहरु भेट्ने वित्तिक्कै हामी आन्दोलनबारे सोधिहाल्थ्यौ । दिनभर आन्दोलनकारीहरुसँग रहेका हामी साँझ मशाल जुलुश प्रदर्शन गर्ने भनेपछि समाचार संकलनको लागि बसिरहेका थियौ । बनेपामा भएको जुलुशमा हातमा मशाल लिएर गणतन्त्रको पक्षमा नारा लगाउने युवाहरुसँग ठूलो जोश थियो । दिउँसो विद्यार्थी मात्र बढी मात्रामा सडकमा आएर नारा जुलुश गरेपनि मशाल जुलुशमा भने राजनीतिक पार्टीका नेता र कार्यकर्ता पनि सहभागी थिएँ । उनीहरुले बनेपाको पुरानो बजारभित्रै मशाल जुलुश गरेका थिए । धेरैले मुल सडकमा जानु पर्ने वताएपनि नेताहरुले मानेनन् । धेरै ठाउँबाट खबर पनि आईरहेको थियो, मशाल जुलुशको । दिनभर आन्दोलनमा सहभागी भएर बेलुका कोठामा पुग्ने वित्तिक्कै थाहा भयो, दिनभर आन्दोलनमा सहभागी विद्यार्थीलाई प्रहरीले पक्राउ गरेको खबर । अनेरास्ववियूका जिल्ला अध्यक्ष दीपक गौतम लगायतका सोही संगठनका वीपीन लामा, गणेश लुईटेल, रविन्द्र भुर्तेल र सञ्जीव दाहाललाई प्रहरीले पक्राउ गरी धुलिखेल प्रहरी कार्यालय लगेछ । दिनभर आन्दोलन हाँक्ने ती विद्यार्थीहरुलाई प्रहरीले लगेपछि अब कस्ले आन्दोलन हाँक्ला भन्ने सोचाई आयो । विद्यार्थीबाहेक बनेपाको भित्री बजारमा भएको मशाल जुलुशमा सहभागी भएपनि मुल सडकमा आएका थिएनन् तर ती विद्यार्थी प्रहरीको कुनै प्रवाह नगरी मुल सडकमा उत्रिएर आन्दोलन गरिरहेका थिए ।

## चैत्र २५ गते

बिहान उठ्ने वित्तिक्कै म बनेपाको चारदोबाटो आए । केही बेरमै अरु पत्रकार साथीहरु र जिल्लाका विभिन्न दलसँग आवद्ध नेता तथा कार्यकर्ताहरुसँग पनि भेट भयो । विद्यार्थीहरुको गिरफ्तारबारे कुरा चल्न थाल्यो । अनि पो थाहा भयो, गिरफ्तार विद्यार्थीलाई त जिल्ला प्रशासन कार्यालय काभ्रेले तीन महिने थुनुवा पुर्जी दिएछ । बेला बेलामा प्रहरीलाई छक्याउँदै जुलुश प्रदर्शन गर्ने विद्यार्थीहरुनै गिरफ्तारमा परेपछि सडकमा जुलुश देखिन मुश्किल पर्छ भन्ने अनुमान केही हदसम्म सत्यनै भयो । जुलुश देख्न गाह्रो पर्न थाल्यौ ।

अघिल्ला दिनको जस्तै यातायात ठप्प थिए । बनेपा बजारका सबै पसल बन्द थिए । केही सर्वसाधारणहरु मात्र सडकमा ओहोरदोहोर गरिरहेका थिए । अघिल्लो दिनको जस्तै धेरै व्यक्तिहरु सडकको किनारामा अलपत्रजस्तै अवस्थामा थिए । उनीहरु कसैले आन्दोलन गर्देला र सहभागी हौला भनेर बसिरहेका थिए । दिनभर कस्ले जुलुश गर्ला र समाचार संकलन गर्छु भनेर बस्दा बस्दा दिउँसो भयो तर पनि जुलुश हुन सकेन । दिउँसोपछि एक समूहले जुलुश प्रदर्शन गर्न सुरु गर्‍यो । हामी जुलुशमा सहभागी भई समाचार संकलन गर्न थाल्यौ । जुलुश अघि बढ्दै चारदोबाटो जाने क्रममा प्रहरी आईपुगे र भागाभाग भयो । आन्दोलनकारीहरु त भागे तर हामी पत्रकारहरु त्यही थियौ । प्रहरी निरीक्षक रामप्रसाद घर्ती मगरले सोधे, आन्दोलनकारीहरु कता गए ? खोई कतातिर लागे, हामीले उत्तर दियौ । प्रहरी आन्दोलनकारी थाके होलान भनेर फेरी प्रहरी चौकी फर्के तर लुकेर बसेका आन्दोलनकारीले फेरी नारा जुलुश गरे । बनेपा गेष्ट हाउसबाट सुरु भएको जुलुश अघि बढ्ने क्रममा चारदोबाटोतिर लाग्यो ।

नेपाली कांग्रेसका जिल्ला सभापति शिव हुमागाई, एमाले जिल्ला सचिव विदुर सापकोटा, जनमोर्चाका जिल्ला अध्यक्ष भरत लामिछाने काभ्रेमा थिएनन् । बरु कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापति तीर्थबहादुर पसखल, नेपाल मजदूर किसान पार्टीका जिल्ला अध्यक्ष धर्मभक्त मानन्धर लगायत मात्र काभ्रेमा थिए । नेताहरुले कमसे कम आन्दोलनलाई अघि बढाउन भएपनि जिल्लामै बस्नुपर्ने विषयमा हामीले छलफल गर्‍यौ । सडकमा अलत्रप परेकाहरु भन्थे-सात दलका जिल्ला समितिका पदाधिकारीहरु र भातृ संगठनका जिम्मेवार कार्यकर्तामात्र आन्दोलनमा आएपनि ४/५ सय आन्दोलनकारी त तेसै हुन्थे । हामी पत्रकार यो आन्दोलन हाम्रो आन्दोलन हो र सहभागी हुनुपर्छ त भन्थ्यौ तर हामी पार्टीका नेता तथा कार्यकर्ताहरु जस्तै स्वयं नारा जुलुश लगाएर नेतृत्व गर्न मिल्दैनथ्यो । हाम्रो काम भनेको उनीहरुका कार्यकर्ता र आन्दोलनकारीहरुलाई आन्दोलन चर्काउन सहयोगीको भुमिका खेल्नु मात्र थियो । त्यो गर्न पत्रकार साथीहरुले कुनै कसर बाँकी राखेका थिएनन् । हाम्रो आशा र भरोसा पनि नेताहरु र पार्टीहरुप्रति बाहेक अरुसँग हुने कुरै थिएन तर उनीहरु आन्दोलनमा नआउँदा दलले निर्णायक भनेको आन्दोलन नउठ्ला भन्ने चिन्ता हामीमा थियो । मुख्य सडकमा जिल्लास्तरीय नेताहरु नभएपनि बनेपाका भित्री चोक चोकमा सबै पार्टीहरुका नेताहरु थिए । हामी साँझपख जाँदा भेटिएनै । नेताहरु भेटिहाले छुच्छो मुख लगाईहाल्यौ । कति त रिसाए । दलहरुको आन्दोलनमा पत्रकारहरुको किन टाउको दुःखाई भनेर हामीलाई पटक पटक नेताहरुले भनेका थिए । हामी उनीहरुलाई भनेका थियौ, हाम्रो जस्तो चासो तपाईहरुलाई पनि हुनुपर्‍यो भन्ने हाम्रो आग्रह हो । उनीहरु आन्दोलन चर्काउन कुरा त गर्थे तर सडकमा निस्कदैनथे ।

जेजति जुलुश भएपनि अधिकांश बनेपाको मुख्य चोक चारदोबाटामै लक्षित हुन्थ्यो तर आन्दोलनका दुई दिनमा दलहरुले चारदोबाटोमा आएर आन्दोलन गर्न सकेका थिएनन् । त्यो काभ्रे जिल्लाकै सबैभन्दा मुख्य केन्द्र भएकोले पनि बनेपा आन्दोलनकारीहरुको लागि मुख्य स्थल बन्दै आएको थियो । हामीले सामान्य रुपबाटै आ-आफ्नो पत्रिकामा समाचार पठायौ । बनेपामात्र होइन, विभिन्न गाउँमा मशाल जुलुशहरु भएको खबर हामीलाई आयो । काभ्रेकै मुख्य केन्द्र बनेपामा दिउँसोभर राम्रो प्रदर्शन हुन नसकेकोमा हामी चिन्तित बन्यौ । निराश बन्दै घर पुगेपछि त्यहाँ वरपर रहेकासँग पनि आन्दोलनबारे छलफल भयो । जोमाथि सबैभन्दा बढी आशा हुन्छ, त्यहीमाथि आक्रोश पनि हुन्छ । हाम्रो खाली आक्रोश नेतामाथि नै थियो । राती माओवादीका नेता लालध्वजले फोन गरेर भने-हामीले गाउँमा धेरै कार्यकर्तालाई शहर पठाएका छौ, आन्दोलन चर्काउनुपर्छ है साथी हो । जसरी हुन्छ यो आन्दोलनबाट ज्ञाने शाहीलाई परास्त गर्नुपर्छ, उनी भन्दै थिए । हामीले माओवादीसँग निराश रुपमा आन्दोलन उठ्न नसकेको तीतो यथार्थ पोख्यौ । । अधिवक्ता शेषव गौतमसँग धेरै बेर आन्दोलनबारे छलफल भयो । निष्कर्ष एउटै निस्कियो, दलका नेता तथा कार्यकर्ताहरु नै सडकमा आउनुपर्छ र आन्दोलन सफल बनाउनुपर्छ ।

## चैत्र २६ गते

बिहानै सात बजे बनेपा सडकमा आईसकेका थियौ । प्रायः गरेर जिल्लाका सबै क्रियाशील पत्रकारहरु आन्दोलनमा सहभागी थिए । जसलाई धेरै आन्दोलनकारीहरुले पत्रकारहरुको आन्दोलन टोली भनेर पनि चिन्थे । सारा काम छोडेर पत्रकारहरु सडकमा थिए । हाम्रो दायित्व दुई वटा थिए, एउटा आ-आफ्नो पत्र-पत्रिका, टेलिभिजन र एफएमहरुमा समाचार संकलन गर्नु र सम्प्रेषण गर्नु । अर्को दोस्रो उद्देश्य थियो, आन्दोलनलाई झन चर्काउन दलका कार्यकर्ता र नेताहरुलाई झकझकाउनु । यो विषयमा पत्रकार साथीहरुवीच धेरै छलफल भयो र एउटै निष्कर्ष निस्कियो- लोकतन्त्र प्राप्त नभएसम्म प्रेस स्वतन्त्रता हुन सक्दैन र प्रेस स्वतन्त्रताविना पत्रकारहरुका हक, हित र अधिकारदेखि केही प्राप्त हुन सक्दैन । आन्दोलनकारीहरुलाई अन्य जिल्लाहरुमा ठूला ठूला आन्दोलन भईरहेको समाचार पत्रिकामा पढ्दा आफ्नो जिल्लामा ठूलो आन्दोलन नभएकोमा हामी निराश थियौ । आज दिउँसो दलहरुले प्रदर्शन गर्ने खबरले हामीलाई केही खुशी तुल्याएको थियो । दलहरुले दिउँसो आन्दोलनको कार्यक्रम राखेका थिए । जनमोर्चा नेपालका उपाध्यक्ष कान्छाराम तामाङ र नेपाली कांग्रेसका नेता कञ्चनचन्द्र बादेलाई भेटेपछि त्यो कार्यक्रमबारे थाहा भएको थियो

। आन्दोलन देख्ने वित्तिक्कै त्यहाँ पुग्नु र आफूसँग भएका क्यामेरा आन्दोलनकारीतिर तेस्याउँदै आन्दोलनलाई अझ बढी शसक्त बनाउन सहयोग गर्नु हाम्रो लक्ष्य थियो ।

दिउँसो हुन लागेको भएपनि आन्दोलनको प्रतिक्षा गर्दै सडक किनारामा बसिरहेका थियौ । पहिलो दिन विद्यार्थी आन्दोलन गर्नेमध्ये अनेरास्ववियूका विनोद गाउँले पक्राउ हुन बाँकी थिए । उनीसहित केही विद्यार्थीहरुले दिउँसो जुलुश सुरु गरे तर प्रहरीले हस्तक्षेप गर्‍यो । आन्दोलनकारी फेरी बनेपा गेष्ट हाउसबाट भागे । प्रहरी अन्तैतिर लागेपछि फेरी बनेपा गेष्ट हाउसबाटै आन्दोलन भयो । के नाराजुलुश मुल सडकमा निस्केको थियो, प्रहरीले हस्तक्षेप गरिहाल्यो । विनोद भाग्दा भाग्दै बनेपा गेष्ट हाउस पछाडीको नेपाल मिडिया इष्टिच्यूटबाट प्रहरीले समातिहाल्यो । म लगायतका केही साथी त्यही नजिकै थियौ । मैले भित्रै आएर किन समात्ने भनेर प्रहरीलाई भने तर प्रहरीले आन्दोलन गर्ने यही हो भन्दै लगे । घिसार्दै प्रहरीले भ्यानमा हालेपछि पनि प्रतिगमन मुर्दावाद भन्दै नारा लगाउन गाउँलेले छोडेनन् । उनलाई इलाका प्रहरी कार्यालय लगियो र साँझ धुलिखेल प्रहरी कार्यालयमा पुर्‍याइयो । आन्दोलनकै क्रममा बनेपाबाट नविन चौलागाईलाई प्रहरीले पक्राउ गर्‍यो र उनलाई इलाका प्रहरी कार्यालय बनेपामा लगियो ।

त्यसपछि सात दलले जुलुश कार्यक्रम राखेका थिए । हामी बनेपास्थित नेपाल विद्युत प्राधिकरणतिर लाग्यौ । मुल सडकभन्दा भित्रको त्यो स्थानबाट सात दलका नेताले जुलुश निकाल्ने योजना बनाएका थिए । अघिल्ला दिनहरुको तुलनामा धेरै कार्यकर्ताहरु जुलुशमा सहभागी थिए । त्यो जुलुश देखेपछि लाग्यो, अब चाहि आन्दोलन उठ्ला कि ? त्यो जुलुश प्रतिगमन मुर्दावाद भन्दै रेडक्रसचोक पुग्यो । नेताहरुले मुख्य सडकमा ननिस्की त्यही समापन कार्यक्रम राखेका रहेछन् तर जुलुशमा सहभागी युवा विद्यार्थीहरुले मानेनन् । चारदोबाटो पुग्नैपर्ने अडान उनीहरुको थियो । नेताहरुले कोणसभा सुरु गरे । कोणसभामा नेताहरुले भाषण गरिरहँदा तिनका कार्यकर्ताहरु भने छेरुवा नेता चाहिदैन, डरुवा नेता दरबार पस भन्दै तीनै नेताहरुविरुद्ध नाराजुलुश लगाईरहेका थिए । नेताहरुविरुद्ध नारा लगाउनेहरु र रेडक्रस चोकमै कोणसभा गर्नुपर्छ भन्नेहरु आधाआँधी थिए । नेताहरुले हाम्रो निर्णय अनुसार भन्दै भाषण गर्न थालेपछि केही नारा जुलुश लगाईरहेका कार्यकर्ताहरु चुप लागेपनि केही भने नारा लगाईरहेका थिए । हामी पत्रकारहरु भने चारदोबाटोमा पनि जुलुश नपुर्‍याए के जुलुश गर्ने ? लानैपर्छ भनेर युवा विद्यार्थीहरुलाई उक्साईरहेका थियौ । हातमा क्यामेरा भएको कारण हामी युवाविद्यार्थीहरु तिर तेस्यायौ । उनीहरु झन मच्चीमच्ची नारा जुलुश गर्न थाले । चारदोबाटो जाने युवाहरुको सँख्या बढ्न थाल्यो । चाखलाग्दो कुरा छ के छ भने कोणसभामा जनमोर्चा नेपालका जिल्ला उपाध्यक्ष कान्छाराम तामाङ भाषण गरिरहँदा उनका छोरा क्षितिज भने लुत्ते नेता चाहिदैन, ज्ञानेन्द्रको पुच्छर नेता चाहिदैन, छेरुवा नेता दरबार पस भन्दै नारा लगाईरहेका थिए । नेताहरुले पटक पटक कार्यकर्ताहरुलाई आग्रह गरेका थिए संयम हुन तर नमानी जुलुश चारदोबाटोतिर अघि बढ्यो । जुलुशमा धेरै युवा कार्यकर्ताहरु थिए । केही नेताहरु युवावर्गको जुलुशमा सहभागी हुन नआएपनि धेरै नेता तथा कार्यकर्ता बाध्य भएर युवावर्गको पछि लागे । धेरै युवावर्गको जमात देखेपछि अघिपछि आन्दोलनकारीलाई खेदी खेदी गिरफ्तार गर्ने प्रहरी चुप लाग्न बाध्य भयो । जुलुश चारदोबाटोमा मात्र सीमित भएन । बनेपाका मुख्य सडकमा नारा लगाउँदै युवाहरुले तीनदोबाटोमा गएर कोणसभा गरे । त्यहाँ पुगेर तीनै क्षितिजले भाषण गरे र डरछेरुवा भएर आन्दोलन अघि नबढ्ने बताए ।

सात दलको आह्वान र माओवादीको समर्थनमा आन्दोलन अघि बढेको हो । त्यसकारण हामीले पत्रकारले गरेको आन्दोलन त भन्न मिल्दैनथ्यो तर पनि सबै पत्रकारहरु यो आन्दोलन हाम्रो आन्दोलन हो भनि सफल बनाउन कस्सिएरै लागेका थिए । ती युवाहरुलाई उत्साह थप्ने काम हामीले गर्‍यौ । आन्दोलनमा उत्साह थपे बापत नेताहरुले रिसाए भनेपनि फरक पर्दैन भन्ने पक्षमा हामी थियौ ।

बनेपाको आन्दोलन सकिने वित्तिक्कै थाहा भयोकि पनौतीका आन्दोलतनकारीहरुले पनौती नगरपालिकालाई लोकतान्त्रिक नगर घोषणा गर्दै तुल टाँगेछन् । फेरी अर्को समाचार सुनियो । आन्दोलनका लागि काठमाडौ गएका काभ्रे कांग्रेसका सभापति शिव हुमागाई, विदुर वन्जारा, विमल श्रेष्ठ, वेनगोपाल श्रेष्ठ, केशव तिमल्सिना, दिनेश लामा, बासुदेव खत्री, राजेश लामा, मधुविक्रम शाह, प्रेम तामाङ, प्रकाश खनाल, प्रकाश गौतम, सन्तोष पौडेल, कमल तामाङ, दमैसिंह लामा लगायतलाई प्रहरीले बागबजारबाट पक्राउ गरेछ । उनीहरुलाई प्रहरीले लछारपछार पार्दै घाइते समेत बनाएछ । यो समाचार हामीले बनेपामा रहेका दलका नेता तथा कार्यकर्तालाई दियौ । उनीहरुलाई आन्दोलन अझ शसक्त बनाउन उत्साह थप्नु हाम्रो कर्तव्य थियो । त्यती बेला हामीले थाहा पायौकि काभ्रेको उग्रचण्डी नाला घर भएका भीमसेन दाहालको आन्दोलनकै क्रममा सुरक्षाकर्मीको गोलीबाट पोखरामा मृत्यु भएछ । त्यो थाहा पाउने वित्तिक्कै हामी यति दुःखी भयौकि तत्काल तीनै शहीद भीमसेन दाहालको नालास्थित घरमा जाने निर्णयमा पुग्यौ ।

म लगायतका धेरै पत्रकार साथीहरु त्यहाँ पुग्दा गाउँ पुरै शोकाकुल थियो । कोही बोल्ने अवस्थामा थिएनन् । सबैका आँखामा आँसु थिए । घरबाट पोखरामा गई कम्प्युटर व्यवसाय गर्दै आएका भीमसेनको हत्याको खबरले सारा नालावासीहरु घरमा जम्मा भएका थिए । भीमसेनकी जेठी श्रीमती देवकी हामी जानु अघिदेखिनै बेहोश अवस्थामा थिइन । उनका बृद्ध ७४ बर्षीय बुबा जानिकीप्रसाद दाहाल पिढीमा बसेर रोईरहेका थिए । पीडासँग नालावासीमा आक्रोश पनि थियो । सरकार र त्यसको नेतृत्व गर्ने राजाप्रति बढी आक्रोश उनीहरुमा देखिन्थ्यो । हामीले त्यतिबेला सान्त्वना दिनुबाहेक अरु केही गर्न सकेनौ । त्यहाँ उपस्थित सबैलाई हामी पत्रकारले भोलि आन्दोलनमा सहभागी भए मात्र वास्तविक अर्थमा शहिद भीमसेन दाहालप्रति सम्मान हुने बतायौ । भीमसेन दाहालको हत्या गराउन लगाउने राजालाई परास्त नगरेसम्म सुरक्षाकर्मीको ज्याजती कायम रहने भन्दै हामीले घरमा जे जे छन्, त्यही त्यही लिएर आउन नालावासीलाई आग्रह गर्‍यौ । नालाबजारसम्म आईपुग्दा सम्म हामी सबैलाई अनुरोध गरिरहेका थियौ । त्यहाँ पुगेका सबै पत्रकारहरुले उनीहरुलाई घरधुरी आन्दोलनमा आउन आग्रह गरिरहेका थियौ । सोही दिन नेपाल पत्रकार महासंघ काभ्रे शाखाले एक विज्ञप्ति जारी गरी आन्दोलनमा उर्तन काभ्रेवासीलाई आह्वान गर्‍यो ।

नालाबाट फर्केपछि हामी आ-आफ्ना समाचार माध्यममा समाचार पठाउन लाग्यौ । भोलि नालावासीहरु प्रत्येक घरधुरीबाट आन्दोलनमा आउन लागेको सन्देश हामीले बनेपावासी र बनेपामा रहेका आन्दोलनकारीहरुलाई पनि सुनायौ । पोखरामा भीमसेन दाहालको हत्यापछि गाउँ शोकाकुल बनेको खबर पठाएर हामी आ-आफ्ना कोठातिर लाग्यौ । भोलिदेखि अब आन्दोलन तात्छकि भन्ने लाग्यो किनभने सुरक्षाकर्मीकै गोलीबाट ज्यान गुमाएका दाहालको हत्यापछि काभ्रेका जनतामा आन्दोलनप्रति बढी जोश जागेको अनुभव हामीलाई थियो । दलहरुले आह्वान गरेको तीन दिने आम हड्ताल सकिएपनि भोलिदेखि फेरी आन्दोलन गर्ने पक्षमा आन्दोलनकारीहरु थिए । आन्दोलनरत दलले समेत आन्दोलनलाई निरन्तरता दिने वताए ।

## चैत्र २७ गते

भोलिपल्ट बिहान सदाझै ७ बजे बनेपाको चारदोबाटोमा अन्य पत्रकार साथीहरु जम्मा भैसकेका थिए । साथीहरुवीच र बनेपामा आएका आन्दोलनकारीहरुवीच भीमसेन दाहालको हत्याबारे कुराकानी हुन थाल्यो । हामीले त्यहाँ उपस्थित सबैलाई आज धुरीलौरो नालावासी आन्दोलनमा आउन लागेको जानकारी दियौ । त्यहाँ रहेका आन्दोलनकारी पनि खुशी थिए त्यो खबरले तर भीमसेन शहीद भएकोमा सबै दुःखी थिए । त्यहाँ कुराकानीमा पो थाहा पायौकि हिजोको आन्दोलनका युवाविद्यार्थीहरुलाई पत्रकारहरुले उचालेको भनेर आरोप पत्रकारहरुलाई लगाइएको रहेछ । थाहा पाइयोकि धेरै नेताहरु त्यही कारण रिसाएका पनि छन् रे । पत्रकारहरुले नउक्साएको भए युवाविद्यार्थीहरुले पार्टीको निर्देशन मान्ने थिएँ भन्ने कुरा उनीहरुको रहेछ । पत्रकारहरुको चाहाना

नेताहरुविरुद्धमा केन्द्रित थिएन, खाली आन्दोलनलाई शसक्त बनाउनु थियो । त्यहाँ उपस्थित आन्दोलनकारीको आँखा सामुन्नेको त्यो घटनाका साक्षाी पनि आन्दोलनकारीनै थिए । हामीले त्यहाँ उपस्थित भएका सबैलाई भन्यौ, हाम्रो चाहाना आन्दोलनलाई शसक्त बनाउनुपर्छ भन्ने मात्र छ ।

बिहान शहिद भीमसेन दाहालको लाश काभ्रे ल्याउने हल्ला चल्यो । फेरी एकैछिनमा त्यो लाश उतै पोखरामा अत्येष्टि गराउने हल्ला पनि आयो । तत्कालीन शाही सरकारले पोखरामै लाशको अन्त्येष्टि गर्ने बताउँदै लाश भने धुलिखेल ल्याई पुर्‍याएको थाहा पायौ । शहीद भीमसेनको फोटोसहितको प्ले कार्ड बनाउनको लागि हामीले सक्रिय सहयोग गर्‍यौ । सयौ प्लेकार्ड बनाइयो । प्लेकार्डमा लेखिएको थियो, शहीद भीमसेन दाहाल, अमर रहुन । हत्याको बदला लिन्छौ, लिन्छौ ।

बिहानभरिको कुराकानीपछि नालावासीहरुको प्रतिक्षामा हामी नेपाल विद्युत प्राधिकरणमा गएर बसेका थियौ ।  नालाबाट धेरै आउने भन्ने खबरले होकि क्याहो बनेपामा रहेका आन्दोलनकारी पनि जम्मा भएर बसिसकेका थिए । उनीहरु आउने वित्तिक्कै नारा जुलुश सुरु भयो । सधै थोरै मात्र सहभागी हुने त्यो दिनको जुलुशमा हजारौ सहभागी थिए । सबैमा छुट्टै जोश, जाँगर थियो । युवा भीमसेन दाहालको हत्याले सबैलाई शोकाकुल पारेको थियो । युवावर्गमा विशेष जोश थियो । प्रहरीदेखि बढी आक्रोशित थिए युवाहरु । जुलुश अघि बढ्यो । युवाहरु सडकमा टायर बाल्न थाले । दर्जनौ टायरहरु बालेपछि बनेपा बजार धुँवामय बन्यो । पनौतीबाट समेत जुलुश आउने थाहा पाएपछि केहीबेर चारदोबाटोमै जुलुश रोकियो । सयौ सुरक्षाकर्मी बनेपा सडकमा भएपनि हजारौ प्रदर्शनकारीहरुका अगाडी उनीहरुको केही लागेन । जुलुश भीमसेन दाहालको शव ल्याउने भन्दै सुनामीको छालभ्कै धुलिखेलतर्फ अगाडी बढ्यो । जुलुशमा सहभागी हजारौ राजाको प्रतिगमनको विरुद्ध र गणतन्त्रको पक्षमा नारा लगाईरहेका थिए । पनौती, नाला, बनेपा र अन्य क्षेत्रबाट आएका हजारौ प्रदर्शनकारीहरु सडकमा टायर बाल्दै अगाडी बढे । सडक छेउका रुखहरु ढाल्दै हजारौ प्रदर्शनकारीहरु अघि बढे । आन्दोलनकारीहरुले ढालेका रुखका कारण बुडोलदेखि धुलिखेल बसपार्कसम्मको क्षेत्र रुखहरुले ढाकिएको थियो । एम्बुलेन्त त के साईकल ओहोरदोहोर गर्न पनि कठिन थियो । शहीद दाहालको लाश जुलुशसहित ल्याएर अत्येष्टि गर्ने माग आन्दोलनकारीको थियो । बाँसघारी पुगेपछि आन्दोलनकारीलाई जानकारी दिइयोकि लाश अर्कै बाटोबाट लगियो । दुईथरी आन्दोलनकारी देखिए, एक थरी लाश लगेपनि धुलिखेलसम्म गरेर प्रदर्शन गर्ने र एकथरी लाश लगिसकेको भए फर्कने । केहीले फर्कने वताएपनि अधिकांश जिल्ला सदरमुकाम धुलिखेलमा प्रदर्शन गर्ने पक्षमा पुगे । जुलुश अघि बढ्यो । धुलिखेलसको बसपार्क पुगेपछि प्रहरीले रोक्न खोज्यो । प्रहरीको अवरोधलाई चिर्दै प्रदर्शनकारीहरु अघि बढे । पटक पटक प्रहरीले आन्दोलनकारीलाई रोक्न खोजेको थियो तर सकेन । सरस्वती बजारमा सयौ सुरक्षाकर्मी परिचालन गरिएका थिए । जिल्ला प्रशासनसम्म पुग्ने लक्ष्यका साथ अघि बढेको आन्दोलनकारीको समूहलाई प्रहरीले सरस्वती बजारमा रोक्यो । जथाभावी रुपमा लाठी चार्ज गर्न थालेको प्रहरीले वृद्धवृद्धा, वालबालिका कसैलाई देखेन । हामी पत्रकारहरुलाई लाठीचार्जबाट जोगिदै समाचार संकलन गर्न कठिनाई परिरहेको थियो । म नजिकै आन्दोलन नियालीरहेका विर्तादेउराली घर भएका बालक मानबहादुर तामाङलाई प्रहरीले लाठीचार्ज गर्‍यो । टाउकोमा गम्भीर चोट लागेका तामाङको रगत बगिरहेको थियो । तत्काल हामीले अस्पताल लाने व्यवस्था गर्‍यौ । म हातमा क्यामेरा लिएर तस्वीर खिचिरहेको थिएँ । प्रहरीले पछाडीबाट ढाडमा दुई लाठी हानिहाल्यो । ऐँया भनेर प्रहरीलाई पत्रकारमाथि आक्रमण गर्ने भनेर रिसमा बोल्न थाले । त्यहाँ रहेका एक प्रहरी सहायक निरीक्षकले हुलमुलमा पत्रकारलाई लागेछ, माग गर्नुहोला भनेपछि म चुप लागेर क्यामेरा खिच्न थाले । छिनमै नजिक रहेका विष्णु सापकोटालाई पनि प्रहरीले हान्यो । जथाभावी रुपमा प्रहरीले लाठीचार्ज गरेपछि भीड तितरवितर भयो । सडकमा धेरैका चप्पल जुत्ता थिए तर आन्दोलनकारी भागिसकेका थिए । प्रहरीको ज्याजतीपछि आक्रोशित आन्दोलनकारी युवाहरु बनेपातिर नारा जुलुश गर्दै अघि बढे । बाटोमा उनीहरुले गणतन्त्रको पक्षमा चर्का नारा लगाए ।

धुलिखेल नगएका केही आन्दोलनकारीहरुले बनेपाका सडक सडकमा टायर बालिसकेका थिए । हजारौ आन्दोलनकारीहरु देखेपछि र प्रहरीले आन्दोलनलाई नियन्त्रणमा लिन नसक्ने भएपछि बनेपाको चारदोबाटोमा बख्तरवन्द गाडीसहित सेना परिचालन गरिसकिएको थियो । धुलिखेल क्षेत्रका आन्दोलनकारीहरुले बनेपा आएपछि सडकलाई थप तताए । बुडोलदेखि तीनदोबाटोसम्मको सडकमा कतै टायर नबालेको ठाउँ थिएन । बनेपास्थित चारदोबाटोको शालिकमुनिनै आन्दोलनकारीले टायर बाले । टायरले त्रिभुवनको शालिक समेत चर्कियो । धुलिखेलबाट आक्रोशित भएका आन्दोलनकारी जथाभावी रुपमा तोडफोड गर्न थाले । सयौ संख्यामा रहेका प्रहरीले आन्दोलनलाई नियन्त्रणमा गर्ने क्रममा सयौ अश्रुग्याँस समेत चलायो । हामी पत्रकारको छुट्टै ड्रेस नभएको कारण आन्दोलनकारीहरुसँग सँगै थियौ । प्रहरी र आन्दोलनकारीहरुवीच लखेटालखेट हुन थाल्यो । आन्दोलनकारीहरुले प्रहरीमाथि यसरी ढुंगा प्रहार गर्न थालेकि त्यसलाई रोक्न सयौ प्रहरीपनि असक्षम भए । अब प्रहरीले जथाभावी रुपमा अश्रुग्याँस हाल्न थाले । आन्दोलनकारीहरु प्रहरीले हानेको अश्रुग्याँसबाट बच्न जसको पायो, त्यसको घरमा छिर्न थाले । अश्रुग्याँस छोडेको बेला सबैले प्याज बोक्नुपर्छ भन्ने त थाहा थियो तर सबैभन्दा बढी आन्दोलनकारी सहभागी भएर आन्दोलन भएको पहिलो दिन भएकोले अधिकांशसँग प्याज हुने कुरै थिएन । दिउँसोतिर प्रहरीले दर्जनौ राउण्ड अश्रुग्याँस हान्यो । हामी आन्दोलनकारीसँगै थियौ । अश्रूग्याँसले आँखा पीरो भयो । पारागन एकेडेमी भएको घरमुनि होटेल थियो । आँखा मिच्दै पानी खोज्दै भोला थापा र म त्यहाँ पुग्यौ । त्यहाँ होटेल बन्द रहेछ र नजिकै एउटा ड्रममा पानी थियो । हतार हतार पानीले आँखा पखालीहाल्यौ । पानी अलि फोहोर रहेछ तर फोहोर पानीभन्दा पिरोले बढी सताएको थियो । आँखा पखालेर हेरेको त त्यो शौचालयको लागि ड्रममा राखिएको पानी पो रहेछ ।

फेरी हामी मुल सडकमा आयौ । आन्दोलनकारी निरन्तर रुपमा कसैसँग नडराई प्रहरीमाथि ढुंगा हान्दै थिए । आन्दोलनकारीसँग भन्दा पनि प्रहरीपट्टि बसेर क्यामेरा खिचिरहेको हुनाले प्रदर्शनकारी झन उत्तेजित थिए । जति जति हामी क्यामेरा तेस्याउँथ्यौ, त्यति त्यति प्रहरीमाथि आन्दोलनकारी ढुंगा प्रहार गर्थे । बनेपा गेष्ट हाउस नजिक आएर ढुंगा प्रहार गरेपछि प्रहरीले लखेट्यो, तीनै आन्दोलनकारी चाँदनीचोक पुगे । चाँदनीचोकबाट फेरी प्रहरीलाई ढुंगा हाने । प्रहरीले फेरी लखेट्यो । चाँदनीचोक र बनेपा गेष्ट हाउसतिर मात्र होइन, बनेपा नगरपालिका छिर्ने दुवै नाका तथा चैतन्य र तीनदोबाटोबाट विद्युत प्राधिकरणतिर जानेतिर पनि उत्तिकै संख्यामा आन्दोलनकारी थिए । आन्दोलनको क्रममा बनेपास्थित दुरसञ्चार नजिकबाट राधाकृष्ण मानन्धर र सिद्धार्थ मानन्धरलाई पक्राउ गर्‍यो । प्रर्दशनकारीहरुमाथि प्रहरीले गरेको दमनका कारण कृष्णबहादुर श्रेष्ठ, अनन्त रञ्जित, रामशरण भण्डारी, रमेश मगर लगायत घाइते भए ।

जति जति प्रहरीले प्रर्दनकारीहरु लाठी चार्ज गर्न अघि बढ्थे, त्यति त्यति आन्दोलनकारी जोडतोडका साथ प्रहरीमाथि आक्रमण गर्थे । आक्रोशित आन्दोलनकारीले बनेपा नगरपालिकामाथि आक्रमण गरे । प्रहरीलाई आन्दोलनकारीहरुले हम्मे हम्मे बनाए । सयौको संख्यामा प्रहरी भएपनि चारैतिरबाट प्रहरीमाथि आन्दोलनकारीले ढुंगा हान्थे । ढुंगाले सडक भरिएको थियो । हामी चाख मानी मानी त्यो दृष्य क्यामेरामा कैद गरिरहेका थियौ । एउटा चोकबाट ढुंगा हान्न थालेपछि प्रहरी त्यतातिर लाग्थ्यो, त्यसको विपरित अर्को चोकबाट फेरी प्रहरीमाथि ढुंगा हान्थे । प्रहरी हैरान भए । एकातिरको ढुंगा तथा अर्कोतिरको लाठी र अश्रूग्याँसको वीचमा हामी समाचार संकलन गरिरहेका थियौ अर्थात ती जोशिला आन्दोलनकारीहरु र हारको मानसिकताको साथ वाध्य भएर जनआन्दोलनमा उत्रिएकामाथि दमन गरिरहेका प्रहरीको थकित अनुहारलाई क्यामेरामा कैद गरिरहेका थियौ । जति जति प्रहरीले आन्दोलनकारीहरुलाई दमन गर्थ्यौ, त्यति त्यति आन्दोलनकारीहरु सार्वजनिक ठाउँमा तोडफोड र आगजनी गर्थे । बनेपा नगरपालिका आगजानी गरिसकेका आन्दोलनकारीले बनेपा नगरपालिकाका ५, ८ र १० वडा कार्यालय, नेपाल टेलिकमको बनेपास्थित शाखा कार्यालय, नेपाल विद्युत प्राधिकरण काभ्रे वितरण केन्द्रको कार्यालय तोडफोड गरे, फर्निचरलाई सडकमा ल्याएर जलाए र कागजपत्रमा आगजनी गरे । मुख्य सडकको आन्दोलनलाई नै

नियन्त्रण गर्न नसकेको प्रहरीले बनेपा बजारभित्रका सरकारी सम्पत्ति जोगाउन सक्ने कुरै थिएन । चोक चोकबाट आन्दोलनकारीहरु प्रहरीमाथि ढुंगा बर्षारहेका थिए । ढुंगाको बर्षा थेग्न प्रहरीलाई हम्मे हम्मे परेको थियो । स्थितीलाई नियन्त्रणमा लिन नसकेपछि दिउँसोदेखि नै शाही नेपाली सेना परिचालन गरिएको थियो ।

हामी आन्दोलनकारीहरुको शाहसतालाई क्यामेरामा कैद गर्दै तीनदोबाटो पुगेका थियौ । नाला जाने दोबाटोबाट आन्दोलनकारीहरु प्रहरीहरुमाथि ढुंगा बषाईरहेका थिए । प्रहरीहरु आन्दोलनकारीहरुलाई लखेट्दै लैजान्थे तर आन्दोलनकारी फेरी फर्केर प्रहरीमाथि जाइलाग्थे । हामीले त्यो दृष्य खिचिरहँदा प्रहरीले हामीमाथि पनि कर्के नजर लगायो । हामी जति क्यामेरा तेस्याउँथ्यौ, त्यतिनै आन्दोलनकारी जाग्थे । घण्टौको सबै दृष्यलाई क्यामेरामा कैद गर्न असम्भव थियो । मुख्य मुख्य घटना र दृष्यलाई मात्र हामीले क्यामेरामा कैद गर्ने हो तर नखिचे पनि हामी आन्दोलनकारीतिर क्यामेरा तेस्याईरहन्थ्यो । आन्दोलनकारीहरुतिर हामीले क्यामेरा तेस्याउँदा आन्दोलनकारीहरुमा आएको थप जोश र उत्साहले आन्दोलनलाई सफलतातिर लगेको अनुभुति भईरहेको थियो । चारदोबाटोदेखिको तीनदोबाटोसम्मको मुख्य सडक आन्दोलनको कारण तनावग्रस्त थियो । सडक आन्दोलनकारीहले हानेका ढुंगाहरुले भरिएका थिए । प्रहरीले हामीलाई अर्कोतिर गएर खिच्न पटक पटक आग्रह गर्‍यो । हामीले मानेका थिएनौ तर साह्रै गरेपछि साथीहरुवीच छलफल गरेर चिया खाने निधोका साथ नालादोबाटोतिर लाग्यौ । प्रहरीले अश्रूग्याँस त निरन्तर रुपमा हानिरहेको थियो तर हामी के नालादोबाटोबाट केही अघि बढेका थियौ, गोलीको आवाज आयो । प्रहरीले गोली हान्यो भनेपछि भागभाग भयो । केही पत्रकार साथीहरु नालादोबाटोतिर आईसकेका थिएनन् । हामी केही पत्रकार साथीहरु भने थियौ । हामी गोलीलाई छल्न त्यहाँबाट विद्या सागर हुँदै भाग्यौ । तीनदोबाटो क्षेत्रमा युवाहरुको चित्कार थियो, रोईकराईरहेका थिए । अरु भागेका आन्दोलनकारीहरु भन्थे, हाम्रा केही साथीहरु हाम्रा आँखा सामुन्ने ढले । उनीहरुका अनुसार, तीन जना नाला दोबाटोमा ढलेका थिए । पछि थाहा भयो, ती युवाहरु त बनेपाका मुकेश कायष्थ र विक्रम कपाली तथा नालाका पुर्णबहादुर श्रेष्ठ रहेछन् । उनीहरुलाई तत्काल बनेपास्थित शिर मेमोरियल अस्पताल लगियो । गोली हानेपछि हामी भाग्ने क्रममा चण्डिका होटेल नेर पुगेका थियौ । प्रहरीले गोली चलाउँदा पनि आन्दोलनकारीहरुले आन्दोलन छोडेका थिएनन् बरु उनीहरुमा थप आक्रोश थियो । फेरी नजिकै ठूलो आवाजमा गोली आयो । हामी नजिकै गोली आयो भन्ने ठानेर हामी सुत्यौ । गोली चलिरहेकोले फेरी ज्यान बचाउन एउटा घरभित्र छिर्न लाग्यौ । त्यो घरभित्र छिर्न नदिन सटर लगाउन थालेपछि केही साथी जर्बरजस्ती गरेर भित्र गयौ भने केही बाहिरै नुनको बोरा मुनि लुक्यौ । दुई/तीन राउण्ड गोली चलेपछि गोली चल्न छोड्यो । उठेर जाँदा एक जना व्यक्ति जो चण्डिका नजिकको घरको छतमा बसिरहेका थिए । उनी ढलेका रहेछन् । तब पो थाहा पायौ, हातमा क्यामेरा र कलम लिएर समाचार संकलन गर्न हिडेका हामी सञ्चारकर्मीहरु झण्डै शहीद भएका रहेछौ । हतार हतार उनलाई अस्पताल लैजाने प्रयास गर्‍यौ । उनी गोलीको आवाजले बेहोश भएको हुन सक्ने आशंका हाम्रो थियो । त्यतिबेला आएको एम्बुलेन्सले बिरामी बोक्न नमानेपछि त्यो एम्बुलेन्सलाई आन्दोलनकारीले तोडफोड गरे । हतार हतार ती बेहोश भएका व्यक्तिलाई शिर मेमोरियल अस्पताल लगियो । आन्दोलनकारी माधव हुमागाईले घाइतेलाई बोकेर अस्पताल लगेका थिए । अस्पताल पुगेको केही समयपछिनै ती व्यक्ति शहीद भए । ती व्यक्ति त बाल्टीङका शिवहरि कुँवर पो रहेछन् ।

झण्डै गोलीले ज्यान गुमाएको भएपनि केही समयपछि हामी तीनदोबाटो पुग्यौ । सडकमा रगतको टाटो थियो । त्यो रगतको टाटोले फेरी आक्रोश पैदा गर्‍यो । आन्दोलन रोकिएको थिएन । प्रहरीहरु झन आक्रोशित थिए । अब त प्रहरी बजार भित्र गएर जथाभावी रुपमा सर्वसाधारणमाथि आक्रमण गर्न थालेका थिए । चैतन्य क्याम्पस नजिक र बजारभित्रका क्षेत्रमा गएर प्रहरीले जथाभावी लाठीचार्ज गर्न थाले । सिन्धुली खनियापानीका कृष्णबहादुर श्रेष्ठको खुट्टामा चोट लाग्यो । जति प्रहरीले घर घर गएर आन्दोलनकारीहरुलाई कुटपिट गर्न थाल्थे, आन्दोलनकारीहरु त्यतिनै रुपमा

आन्दोलनलाई अघि बढाउँथे । आन्दोलन यस्तो जनसागर उर्लियोकि सयौ प्रहरी र सेना जनतासँग हार खाईरहेका थिए । हजारौ बन्दुकभन्दा सयौ जनताको शक्ति बलियो हुन्छ भन्ने तर्कलाई आन्दोलनले पुष्टि गरिरहेको थियो । आन्दोलनलाई नियन्त्रणमा लिन नसकेपछि जिल्ला प्रशासन कार्यालय काभ्रेले बेलुकी ५ बजेदेखि बिहान ४ बजेसम्म करर्फु लगायो । प्रहरीहरु माइकबाट करर्फु लगाएको र करर्फु उल्लंघन गरी आए गोली समेत हान्न सकिने भन्दै माइकिङ गर्न थाले । सडकमा रहेका धेरै सर्वसाधारणहरु करर्फुको घोषणापछि आ-आफ्ना घरतिर लागे । दिनभर आन्दोलनमा सहभागी भएकाहरु साँझ पर्न लागेकोले पनि घरतिर लागेका थिए । फेरी भोलि चर्को आन्दोलन गर्ने बताउँदै उनीहरु घर फर्केपछि हामी पनि आ-आफ्ना सञ्चारमाध्यममा समाचार पठाउन लाग्यौ । भीमसेन दाहालको लाश लिन जाँदा सुरु भएको जुलुशपछिको त्यो आन्दोलनमा सहभागीहरुले दिनभर देखाएको शाहसताले अघिल्ला पट्यारलाग्दा दिनहरुलाई बिर्सायो । बेलुकी पो थाहा भयो, हजारौ सर्वसाधारणलाई झुक्याएर लगेको शहीद भीमसेनको अन्त्येष्टि महादेवघाटमा परम्परागत रुपमा गरिएछ । भीमसेन जन्मिएको आँगल गाउँलाई शहीद भीमसेन चोक नामकरण गरिएछ । अत्येष्टि कार्यक्रममा पहिलो पटक महिला मलामी सहभागी भएछन् । सबै पुरुषहरु आन्दोलनमा सहभागी भएकोले महिलाहरु सहभागी हुनु कुनै अस्वभाविक थिएन ।

## चैत्र २८ गते

काभ्रेभरि मात्र होइन, देशभरिनै बनेपामा प्रहरीको गोलीबाट शिवहरि कुँवरको हत्या भएको खबर फैलिएको थियो । पक्कै पनि आजका सबै समाचारपत्रहरुमा पनि शिवहरि कुँवरको हत्याको समाचारले प्राथमिकता पाउँला भन्दै म बिहानै उठेर बनेपाको चारदोबाटोमा जाने तरखरमा थिए । फेरी थाहा भयो, जिल्ला प्रशासन कार्यालय काभ्रेले करर्फुको अवधि बढाएर बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म करफ्यु लगाएछ ।

करफ्यु लगाएपनि बजारका भित्री भागमा आन्दोलनकारीहरु सक्रिय थिए । करर्फु तोड्ने प्रयास गरेपनि थोरै मात्र भएकोले शाहस गरेका थिएनन् । केही व्यक्तिहरु चैतन्य रोड र बनेपा गेष्ट हाउसको चोकबाट नाराजुलुश गर्दै सडकमा के निस्केका थिए, प्रहरीहरु लखेट्दै गए तर आन्दोलनकारीहरु भाग्न सफल भए । निषेधाज्ञा तोड्ने क्रम सुरु भयो । प्रहरी भने आन्दोलनकारीहरुलाई लखेट्दै बनेपाको घरघरमा गएर सर्वसाधारणमाथि कुटपिट गर्न थाले । आन्दोलन हेर्दाहेर्दै भेला भएका पत्रकारहरुले जिल्ला प्रशासन कार्यालय काभ्रेमा करर्फु पास लिन जाने निर्णय गर्‍यौ । सबै साथीहरु सिधै चारदोबाटो गयौ तर प्रहरीले त्यहाँ रोके । हामीले हाम्रो परिचयपत्र देखायौ र धुलिखेलमा करर्फु पास लिन जान लागेको बतायौ । हामी के धुलिखेलस्थित जिल्ला प्रशासन कार्यालयको परिसरमा पुग्दा मनोनित जिल्ला सभापति यदुमन शाह सडकतिर हेर्दै रहेछन् । उनले हामीतिर हेरेर जिविसको झ्यालबाट भने- के बनेपामा साँच्चीकै करर्फु लागेको हो त ? त्यति धेरै जनता आन्दोलनमा आएका थिए तर निरंकुश राजालाई भगवान मानेर र शाही सरकारका मान्छेहरुलाई चाकडी गरेर सभापति पदमा टीका थापेका ती सभापति आन्दोलनप्रतिनै व्यंग गर्दै थिए ।

अघिल्लो दिनमा जस्तै आज पनि पनौती क्षेत्रबाट ठूलो संख्यामा जुलुश आउने खबर थियो । ढुंखर्क, कुशादेवी, खोपासी, बल्थली, च्याम्राङवेशी, पनौती लगायतका क्षेत्रबाट ठूलो संख्यामा आन्दोलनकारी आएको खबर हामीलाई प्राप्त भएको थियो । पनौती क्षेत्रका आन्दोलनकारीहरुले त धुलिखेलवासी आन्दोलनमा नउत्रिएको भन्दै धुलिखेल आउने खानेपानीको पाइप नै काटिदिए । पानी नआएपछि धुलिखेलवासीमा पानीको हाहाकार हुने सम्भावना बढ्यो ।

पनौतीवासीले खानेपानीको पाइप काटेर होकि किन हो धुलिखेलासीले आन्दोलन गर्न लागेको खबर हामीले पाएका थियौ । सधै राजावादीहरुकै पकड रहेको भनेर चिनिने धुलिखेलमा समेत जुलुश

प्रदर्शन गर्ने भनेपछि पत्रकारहरु त्यहाँ नजाने कुरै थिएन । पनौती क्षेत्रबाट आएको जुलुश र धुलिखेलबाट जुलुश आएपछि निषेशाज्ञा तोड्ने भनेर बनेपामा पनि आन्दोलनकारी बसेका थिए ।

हामी पनौती क्षेत्रबाट आएको जुलुश विस्तार आउँछ भन्दै धुलिखेलतिर लाग्यौ । धुलिखेलबाट आएका आन्दोलनकारी र प्रहरीवीच धुलिखेलको २८ किलोमा केही क्षण झडप समेत भएछ । प्रहरीले अरनिको राजमार्गमा हिड्न नदिएपछि काठमाडौ विश्वविद्यालयहुँदै धुलिखेलका आन्दोलनकारीहरु बनेपातर्फ आउँदै थिए । आन्दोलनकारीहरु खानेपानीको पाइप काटेर नभई स्वर्तस्फुर्त रुपमा आन्दोलनमा आएको बताईरहेका थिए । बुडोल आएपछि फेरी आन्दोलनकारीहरु निषेशाज्ञा तोड्न कस्सिए र अरनिको राजमार्गतिर लागे । फेरी केहीबेर त्यहाँ तनाव भयो । प्रहरीले अश्रुग्याँस समेत हान्यो । त्यो अश्रुग्याँसले हाम्रो आँखामा समेत असर पारेको थियो ।

त्यतिबेलासम्म पनौती क्षेत्रबाट आएको जुलुश श्रीखण्डपुर आईसकेको थियो । हजारौको जुलुश हेर्न जाने भन्दा भन्दै श्रीखण्डपुर क्षेत्रमा नाराजुलुश सुनियो । प्रहरी र प्रदर्शनकारीहरुवीच ढुंगा हानाहान गरिएको दृष्य पनि देखियो । त्यसपछि हामी बुडोलको तनावलाई छोडेर श्रीखण्डपुरतिर लाग्यौ । रोडबाट जाने हो भने धेरै समय लाग्ने हुनाले बाटोको पर्वाह नगरी खेतको आली आलीबाट हिड्न थाल्यौ । पुण्यमाता खोलामा पुगेपछि पारी तर्ने ठाउँ थिएन । त्यसकारण हामीले पुण्यमाता खोलामा सानो दुई बाँस हालेर बल्ल बल्ल तर्‍यौ । पारी आईटी पार्क पुग्दा त प्रहरी र आन्दोलनकारीहरुवीच ढुंगा हानाहान चलेको थियो । शाही नेपाली सेनाको गाडी र सयौ सेना त्यहाँ तैनाथ गरिसकिएको थियो । आन्दोलनकारीहरुका लागि सेनाको पनि कुनै मतलब थिएन । श्रीखण्डपुर र पनौती क्षेत्रबाट निरन्तर रुपमा आन्दोलनकारी ढुंगा बसाईरहेका थिए । प्रहरीहरु अश्रुग्याँस हानिरहेका थिए तर अश्रुग्याँसको कुनै प्रवाह नगरी प्रहरीमाथि जाईलागेका थिए । अश्रुग्याँसले मात्र नसकेर प्रहरी समेत स्वयं ढुंगा हानिरहेका थिए । आन्दोलनकारीहरु निरन्तर रुपमा सञ्चारकर्मीसँग आन्दोलनमा भएको घुसपैठ बारे जानकारी लिईरहेका थिए । स्थितीलाई नियन्त्रणमा लिन प्रहरीले गोली समेत श्रीखण्डपुरमा प्रहार गर्‍यो । प्रहरीले गरेको आक्रमणमा ललितपुर कालेश्वरका राजकुमार दाहालको दायाँ हातमा रबरको गोली लाग्यो । झडपको क्रममा पनौती नगरपालिकाका पुर्वप्रमुख सप्तकाजी वुद्धाचार्यको पाखुरा र पिडुलामा चोट लाग्यो । आइटी पार्क अगाडी भएको प्रदर्शनको क्रममा उद्धव अधिकारी, इन्दिरा भुजु, दीपक सापकोटा, सुमन हुमागाई, साधुराम हुमागाई, रामकृष्ण हुमागाई, राजु नेपाली, भीम न्यौपाने, गोपालबहादुर केसी, गोपाल तिमल्सिना, बाबुराम गौतम, कान्छो भण्डारी, पशुपति घिमिरे, उत्तम महत, विदुर हुमागाई, राजन अधिकारी, बद्रीप्रसाद भट्टराई, मुकुन्द अर्याल, सन्देश प्रधान, पुष्कर सुवेदी लगायतका ३० जना घाइते भए र भुमिडाँडाका कुमार लामिछानेको हात भाँचियो । दुई घण्टाभन्दा बढी त प्रहरी र प्रदर्शनकारीहरुवीच झडपनै भयो । पटक पटक आन्दोलनकारीहरुले प्रहरीलाई लखेटेका थिए । प्रहरीलाई स्थिती नियन्त्रणमा लिन हम्मे हम्मे परेको थियो ।

श्रीखण्डपुरमा केही आन्दोलन मत्थर भएपछि हामी बनेपातिर आयौ तर बनेपामा पनि कम आन्दोलन थिएन । हजारौ प्रदर्शनकारीहरु आफ्नो ज्यानको पर्वाह नगरी आन्दोलनमा होमिएका थिए । अघिल्लो दिन प्रहरीले चलाएको गोलीबाट एक जना शहीद भएको र तीन जना गम्भीर घाइते भएको खबरबाट आन्दोलनकारीमा कुनै उत्साह घटेको थिएन । बरु उनीहरु ज्यान फालेर आन्दोलन दमन गर्ने प्रहरी र सेनाविरुद्ध ढुंगा बसाईरहेका थिए । जिल्ला प्रशासन कार्यालय काभ्रेले लगाएको करर्फुको पर्वाह आन्दोलनकारीहरुमा थिएन । प्रदर्शनकै क्रममा प्रहरीले चारदोबाटोबाट गौतम मानन्धर, पुरुषोत्तम मानन्धर, अनन्त रञ्जित, वच्चु बस्नेत, राजेश श्रेष्ठ, श्रीराम दाहाल लगायतलाई पक्राउ गर्‍यो । जति बढी सुरक्षाकर्मीले प्रदर्शनकारीहरुमाथि दमन गर्न थाल्थे, त्यतिनै आन्दोलन तातेको थियो । आन्दोलनकारीहरुले नेपाल विद्युत प्राधिकरणमा तोडफोड गरी चार कम्प्युटर जलाईसकेका रहेछन् । हामीले देख्दा देख्दै बनेपा नगरपालिकाका दुईवटा ट्याक्टर र नेपाल टेलिकमका दुई जीप पनि आन्दोलनकारीहरुले जलाए । आन्दोलनकारीहरु माथि प्रहरीले नियन्त्रण गर्न खोजेपनि सकेको थिएन । हजारौको संख्या उपस्थित भएर नेपाल टेलिकम नजिकै रहेको गाडी

जलाउँदा टायर पड्कियो तर जनताको आन्दोलनदेखि अतालिएको प्रशासनले त्यसलाई माओवादीले सुरक्षाकर्मीमाथि तीन राउण्ड गोली चलायो भनेर हल्ला पो गर्‍यो । सात दलको आन्दोलनमा माओवादीको घुसपैठ भनेर सरकारले नै विभिन्न सरकारी सञ्चारमाध्यमबाट हल्ला फिजाएको थियो । रेडियो नेपालबाट त्यो समाचार आयो । राजाको माघ १९ गतेको शाही घोषणापछि रेडियो नेपालले मेरो म्याद नथपेपनि धेरैले मलाई नै रेडियो नेपाल काभ्रेको संवाददाता भन्थे । धेरैले यस्तो गलत समाचार दिने भनेर गाली पनि गरे तर मैले नपठाएको हुनाले मलाई उत्तर दिन गाह्रो थिएन । शाही शासनबाट पीडित म पनि थिएँ ।

बनेपाको विभिन्न क्षेत्रमा जिल्ला प्रशासन कार्यालयले लगाएको करर्फु तोड्दै प्रदर्शन गर्ने जारी थियो । पछि पाँचखालमा पनि प्रतिगमनविरुद्ध र गणतन्त्रको पक्षमा प्रदर्शन गरेको थाहा पायौ । त्यहाँ त राजाको पुत्ला पनि दहन गरेका गरिएको थियो । पछि सात दलले भीमसेन र शिवहरि कुँवरलाई शहीद घोषणा गरेको थाहा पायौ । आन्दोलनरत दलहरुले शान्तिपुर्ण आन्दोलनमा गरेको दमनको भर्त्सना गरेको बैठकको निर्णय दिए । २७ गते पक्राउ गरेका राधाकृण्ण र सिद्धार्थ मानन्धर दुवैलाई प्रहरीले छोडेको खबर पनि हामीले पायौ ।

दिनभर चैते धुलो र टायर वरिपरि घुमेका कारण अनुहारभरि कालोनै कालो भएको थियो । गएर कोठामा मुख धुँदा त कालो शिवाय केही आएन ।

## चैत्र २९ गते

चैत्र २९ गते बिहानै म बनेपाको चारदोबाटो आईपुगेको थिएँ । आज पनि करर्फु लगाएको हल्ला चल्यो । अन्य पत्रकार साथीहरु भेला भैसकेका थिए । तत्काल प्रमुख जिल्ला अधिकारी शम्भु कोइरालालाई फोन गरे । बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म करर्फु लगाएको थाहा पायौ । बिहानदेखिनै आन्दोलनकारीहरु आईसकेका थिए । पहिला जस्तो सडकको पेटीमा बसेर कस्ले आन्दोलन गरिदेला भन्ने चिन्ता थिएन । सबै स्वतस्फुर्त आन्दोलनलाई अघि बढाउन थालेका थिए । राजनीतिक दलका नेताहरुको नेतृत्व कम भएपनि उनीहरुका कार्यकर्ता र गाउँबाट आएका सर्वसाधारणहरु उत्साह र उमंगका साथ आन्दोलनमा सहभागी थिए ।

दिउँसो सात दलको अगुवाईमा शहीद शिवहरिको शवयात्रा गर्ने कार्यक्रम थियो । आन्दोलनकारीहरु चाहान्थे, शहीद शिवहरिको शवयात्रा बनेपा बजार परिक्रमा गरी गर्नुपर्छ तर सात दलका नेता चाहान्थे चारदोबाटोबाट खुसुक्क लैजाऔ । दुवैवीच विवाद भयो केही बेर बनेपास्थित शिर मेमोरियल अस्पतालमा । निषेशाज्ञा तोड्दै अगाडी बढ्ने आन्दोलनकारीहरु जो राज्यलाई निषेशाज्ञा तोडेको देखाउँदै लोकतन्त्रको लागि बढी दबाब दिन चाहान्थे । जिल्ला सुरक्षा संयन्त्र, मानवअधिकारवादी र सात दलका नेतावीच शिवहरिको लाश चारदोबाटोहुँदै लाने सहमति भएको रहेछ । चारदोबाटोमा आएपछि प्रशासनले त्यहाँ रहेका सुरक्षाकर्मीलाई केही टाढा राख्ने सहमति उनीहरुवीच भएको पछि थाहा भयो । दलका नेताहरुले शवयात्रा गर्दा नारा नलगाउने वताए पनि केही कार्यकर्ताहरु लगाउनुपर्छ भन्ने पक्षमा देखिए । शवयात्रा सुरु भएपछि केही कार्यकर्ताहरु नारा लगाउन थाले तर गालीको कारण लगाउन सकेनन् । रेडक्रस चोक आएपछि पनि उनीहरुले बनेपा बजार परिक्रमा गराउन आग्रह गरे तर नेताहरुले मानेनन् । शिवहरिको हत्यापछि आक्रोशित सर्वसाधारणहरु सात दलको सो कार्यले निराश बनेका थिए । हामी पत्रकारहरु पनि बजार परिक्रमा गर्नुपर्छ भन्ने मान्यतामा थियौ । जसको कारण केही कार्यकर्ताहरुमा यसले उत्साह पनि थपेको थियो ।

जब चारदोबाटो आयौ, सुरक्षाकर्मीलाई सय मिटर टाढा राखिएको रहेछ । जुन जिल्ला सुरक्षा संयन्त्र, मानवअधिकारवादी र सात दलका नेतावीच सहमति भएको छ । एउटा काभ्रेली माटोमा शहीद भएको व्यक्तिलाई बनेपा बजार परिक्रमा गराउन नसक्दा सारा आन्दोलनकारीहरु रुष्ट थिए ।

कार्यकर्ताले चारदोबाटो आएपछि पनि बजार परिक्रमा गर्ने भने तर दलहरुले आफ्नो निर्णय भन्दै मानेनन् । शवयात्रा अघि बढेपछि कार्यकर्ताहरुमा बढी जोश आयो । उनीहले हत्यारालाई कारवाही गर, वीर शहिद जिन्दावाद भनेर नारा लगाउन थाले । जब उग्रतीर्थ घाँटमा पुगे, अझ आन्दोलनकारीहरु आक्रोशित भए र दलका नेताहरुविरुद्ध खनिन थाले । डरुवा, छेरुवा र ज्ञानेका पुच्छर नेता भन्दै नारा लगाउन थाले । जलाउन लागिएको लाश झिकेर आन्दोलन गर्ने उनीहरुको चेतावनी थियो । हामीले बनेपा बजार परिक्रमा नगरेको दलहरुप्रति चिन्ता व्यक्त गरेपनि जलाउन लागिएको लाश झिकेर जुलुश गर्नुहुँदैन भन्ने पक्षमा धेरै देखिए ।

नेताहरुविरुद्धको आक्रोश कम भएको थिएन, आन्दोलनकारीहरुमा । नेताहरुविरुद्ध जुलुश जारी थियो । त्यहाँ ठूलो विवाद नै भयो । नेताहरु एकातिर र आन्दोलनकारीहरु अर्कोतिर थिए । नेताहरुविरुद्धमा त्यहाँ कार्यकर्ताहरुले भाषण गर्न थालेपछि नेताहरु त्यहाँ बस्न नसकेर हिड्न थाले । एमाले बनेपाका नगर सचिव लम्बोदर कायष्थ र नेमकिपाका जिल्ला संयोजक धर्म मानन्धर भाग्दाभाग्दै कार्यकर्ताहरुले समातेर घाटमा ल्याए र बजार परिक्रमा किन नगरेको भनेर स्पष्टीकरण माग गरे । अरु नेताहरु काग्रेसका कञ्चनचन्द्र वादे र रामकुमार मुल्मी लगायतका नेता कहाँ पुगे थाहानै भएन । कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापति तीर्थबहादुर पसखल भने आन्दोलनकारीहरुलाई कन्भिस गराउन क्रियाशील थिए तर सकेनन् । लाश जलाएको सकिने वित्तिक्कै फेरी जोश लिएर निषेशाज्ञा तोड्ने भन्दै आन्दोलनकारीहरु अघि बढे । गोदामचोकबाट अघि बढेको जुलुशलाई प्रहरीले रोक्न खोज्यो । पटक पटक प्रहरी र आन्दोलनकारीवीच झडप भयो । पटक पटक निषेशाज्ञा तोड्दै आन्दोलनकारीहरु अघि बढे । प्रहरीले आन्दोलन दमन गर्न छोडेको थिएन । प्रहरीले बुडोलका राजु केसी, बनेपाका सरोज धौभडेल, सुनिल मुस्लिम, चमरुदिन मुस्लिम, सन्तोष केसी, अनबर मुस्लिम, इसरायल मनसुर लगायतमाथि कुटपिट गर्‍यो । आन्दोलनमा उत्रिएका प्रेमराज श्रेष्ठ, श्रीकृष्ण प्याकुरेल, युवराज घिमिरे, शिवहरि कुँइकेल, महेश धौवडेल, महेश्वर पराजुली लगायत घाइते भए । प्रहरीको लाठी र अश्रुग्याँससँग नडराई प्रदर्शन जारी राखेका थिए । गोदामचोक मात्र होइन, चारदोबाटो, बुडोल, तीनदोबाटो लगायतका क्षेत्रमा दिनभर प्रदर्शन जारी राखे । प्रहरीले आन्दोलनमाथि जति दमन गर्थ्यो, त्यतिनै आन्दोलनकारीहरु जाग्थे ।

बेलुकासम्म प्रशासनले करर्फु लगाएपनि एक जना साथीलाई लिएर म समाचार पुर्‍याउन इमेज च्यानल गए । बाटोमा साह्रै सास्ती भोग्नुपर्‍यो । सुर्यविनायक, गठ्ठाघर लगायतका क्षेत्रमा जुलुश थियो । मोटरसाइकल आएको देख्ने वित्तिक्कै ढुंगा हान्न आए । मैले आफ्नो परिचय पत्र दिएर एक ठाउँबाट त फुत्के तर अर्को ठाउँमा पुगेपछि एक ढुंगो त खाईयो नै । राती साढे नौ बजे मात्र डराई डराई घर आईपुगियो । राती थाहा पाइयोकि कान्तिपुर टेलिभिजनका खगेन्द्र भण्डारी डीभी पुर्‍याउन जाँदा बल्ल बल्ल बचेर काठमाडौबाट बनेपा आइपुग्नुभएछ ।

आन्दोलनका लागि आएकी मनमाया बजागाई लडेर घाइते र आन्दोलनमा आउने क्रममा गोविन्द अधिकारीको हात गाडी च्यापेको थाहा पायौ । हिजो प्रहरीले गिरफ्तार गरिएका गौतम मानन्धर लगायत ६ जना रिहा आजै प्रहरीले रिहा गरेको खबर पनि थाहा भयो ।

## चैत्र ३० गते

सदाझै बिहानै म बनेपाको चारदोबाटो आउँदा धेरै साथीहरु आईसकेका थिए । विगतका दिनहरुभन्दा बनेपा क्षेत्रमा सुरक्षाकर्मीहरुको संख्या एक दम न्यून थियो । आज पनि सात दलले बनेपामा विरोध जुलुशको आयोजना गरेको खबर हामीलाई दिएका थिए । पोखरामा भीमसेन र बनेपामा शिवहरि मारिएपछि आक्रोशित आन्दोलनकारीहरुको जोश अझै सेलाएको थिएन । त्यसमाथि प्रहरीहरुले दमन गरेपछि त आन्दोलनकारीहरु झन आक्रोशित थिए ।

आन्दोलनकारीहरुले बालेको टायरको कारण बनेपाको तीनदोबाटोदेखि चारदोबाटोको सडक पुरै कालो भएको थियो । बिहान खासै आन्दोलन नभएकोले प्रहरीले सडक सफा गरेको थियो । सडक पखाल्दा बगेको पानी पुरै कालो थियो ।

आन्दोलनरत सात दलले दिउँसो बनेपामा व्यापक प्रदर्शन गरे । हजारौ आन्दोलनकारीहरु सो प्रदर्शनमा सहभागी थिए । अघिल्ला अधिकांश आन्दोलनहरुमा देखिएका कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापति तीर्थबहादुर पसखलसहित राममणि तिमल्सिना, रामहरि श्रेष्ठ, नेमकिपाका संयोजक धर्मलाल मानन्धर, एमालेका भीम न्यौपाने, रामहरि सुवेदी, लम्बोदर कायष्थ, कांग्रेसका रामकुमार मुल्मी, कञ्चनचन्द्र वादे श्रेष्ठ, राम जोशी, जनमोर्चा नेपालका कान्छाराम तामाङ लगायतका नेताहरु सहभागी थिए ।

गाउँगाउँबाट आएका ती आन्दोलनकारीहरु मच्ची मच्ची प्रतिगमनको विरुद्धमा नाराजुलुश गरिरहेका थिए । प्रदर्शनमा युवावर्गको पनि विशेष उपस्थिती थियो । जुलुशपछि सात दलका नेताहरुले काभ्रेलाई लोकतान्त्रिक जिल्ला घोषणा गरे ।

सात दलको कार्यक्रमपछि पनि युवावर्गले प्रर्दशनलाई जारी राखेका थिए । प्रदर्शनको क्रममा आन्दोलनकारी र प्रहरीवीच पटक पटक झडप भएको थियो । आन्दोलनकारीहरुले प्रहरीहरुमाथि ढुंगा बषाईरहेका थिए । आन्दोलनकारीले प्रहरीमाथि ढुंगा हान्न थालेपछि प्रहरीले लखेट्दै चैतन्य चोकका घरघरमा पसेर निर्दोष व्यक्तिहरुलाई प्रहरीले कुटेका थिए । सात दलका नेताहरुले प्रहरीको दमनको निन्दा समेत गरेका थिए ।

लोकतन्त्रबिना पेशागत हक-हितको संरक्षण र सम्बर्द्धन नहुने जनाउँदै जिविस काभ्रे, तीन नगरपालिका र ८७ गाविसका कर्मचारीले लोकतान्त्रिक आन्दोलनमा साथ दिने निर्णय गरेको विज्ञप्ति हामीले दिउँसो नै पाएका थियौ ।

यी बाहेक दिउँसो अन्य आन्दोलनका कार्यक्रम भएनन् । साँझ युवा विद्यार्थीहरुले नाराजुलुशसहित बनेपामा मशाल जुलुश प्रदर्शन गरे । गाउँगाउँमा मशाल जुलुश प्रदर्शन भएको खबर पनि हामीलाई विभिन्न क्षेत्रबाट आएको थियो ।

## चैत्र ३१ गते

बिहानैदेखि सडकमा आन्दोलनकारी युवाहरु आन्दोलनको लागि तयार भैसकेका थिए । बिहानतिर युवाहरुले सडकमा टायर बाले र सडकमा अवरुद्ध पारे । यातायात र बजार त चैत्र २४ गतेदेखिनै ठप्प थियो । दिउँसो सात दलले पूर्ण लोकतन्त्रको माग गर्दै बनेपामा प्रदर्शनको कार्यक्रम राखेका थिए । नेपाल विद्यार्थी संघ काभ्रेले पनि आन्दोलन गर्ने लक्ष्य राखेको छ । नेपाल टेलिकम नजिकै नेविसंघका नेता भेटेपछि छलफल गरौ न भनेर भने त्यसपछि हामी कांग्रेसको पार्टी कार्यालय पुग्यौ । छलफलको क्रममा मैले साथीहरुलाई भने सधैं जुलुश र नारा मात्र भएको छ नयाँ प्रकारको आन्दोलन गर्नुपर्छ । त्यसपछि मैले साथीहरुलाई किरियापुत्री जुलुश गर्नुपर्ने सुझाव दिए । आर्थिक अभाव थियो तर एक जना साथीले कपडा किनिदिने आश्वासन दिएपछि तुरुन्तै आन्दोलनको कार्यक्रम तय भयो । सात दलको आन्दोलनकै वीचमा किरिया जुलुश गर्ने लक्ष्य नेविसंघले लियो । आजको आन्दोलनमा एउटा आकर्षक पक्ष किरियापुत्री जुलुश हुने भयौ भन्दै म फेरी चारदोबाटोतिर लाग्यौ ।

दिउँसो आन्दोलन सुरु भयो । मेरो आँखा र सँगै रहेको क्यामेराले किरियापुत्री जुलुशको प्रतिक्षा गरिरहेको थियो । महिला र पुरुषसहितका आधा दर्जन सेतो कपडा लगाएर जुलुशमा सहभागी थिए । सबै आन्दोलनकारीहरुको लागि आकर्षक तीनै व्यक्तिहरु बनेका थिए । बनेपा बजार परिक्रममा गरेर शहीद चोक गएर कोणसभामा भयो । सडकमा बसेर कोणसभा गर्दा पनि सबैभन्दा

आकर्षक त्यही कृयापुत्री जुलुश थियो । गाउँगाउँबाट समेत ठूलो संख्यामा त्यो जुलुशमा सहभागी थिए ।

विगतका दिनजस्तै आज पनि दिनभर जसो युवाहरुले बनेपाका सडकमा युवाहरुले टायर बाली सडक अवरुद्ध बनाए । जनआन्दोलनमा शहीद भएकाहरुको सम्झनामा दिउँसो श्रद्धाञ्जलीसभाको आयोजना गरियो । श्रद्धाञ्जलीसभा अघि आन्दोलनकारीहरुले प्रतिगमनविरुद्ध नारा जुलुश गर्दै पनौती बजार परिक्रमा गरेका थिए । प्रदर्शनमा नेपाल प्राध्यापक संघ इन्द्रेश्वर इकाई लगायतका पेशागत संघसंस्थाले ऐक्यवद्धता जनाएका थिए । आन्दोलनप्रति ऐक्यवद्धता जनाउने क्रम जारी थियो । धुलिखेल अस्पतालका चिकित्सक, विद्यार्थी, कर्मचारी र स्वास्थ्यकर्मीहरुले लोकतान्त्रिक आन्दोलनको पक्षमा प्रदर्शन गरे भने चैत्र २७ गते धुलिखेलमा सुरक्षाकर्मीले गरेको हस्तक्षेप विरुद्ध २ सय ९४ जना धुलिखेलवासीले हस्ताक्षर संकलन गरे ।

प्रतिगमन र राजाको विरुद्ध नाराजुलुश गर्दै धुलिखेलमा आन्दोलनकारीहरुले लोकतन्त्रको पक्षमा प्रदर्शन गरे । आन्दोलनकारीहरुले प्रतिगमनको पुत्ला दहन गरेका थिए । दिउँसो सात दलको बैठकले लोकतान्त्रिक आन्दोलनमा घाइते भएकाहरुको उपचारकोलागि जनआन्दोलन घाइते उपचार कोषको स्थापना गर्‍यो । जसको संयोजक नेपाली कांग्रेस बनेपाका कञ्चनचन्द्र वादेलाई तोकियो र सबै दलको प्रतिनीधित्व समितिमा गराइयो । माओवादीले समेत लोकतन्त्र स्थापनाका लागि आफुहरु जनसम्बन्ध सुदृढीकरण अभियानमा लागेको जानकारी दिए । चैत्र २४ गते पक्राउ परेका दुई विद्यार्थी मध्ये रविन्द्र भुर्तेल र संजीव दाहाललाई प्रहरीले छोडेको खबर हामीले पायौ । किरियापुत्री जुलुश लगायतका समाचार पुर्‍याउन म बनेपादेखि काठमाडौसम्म सडकमा बालिएको टायरको धुलो खाँदै काठमाडौ गए । सडकमा जुलुश देख्ने वित्तिक्कै म क्यामेरा झिकेर खिच्न थाल्थे । आफू पत्रकार भएको परिचय दिएर आन्दोलनका दृष्य खिची टेलिभिजनमा हालेर फर्कदा बेलुका ९ बज्यो ।

## बैशाख १ गते

आन्दोलन शुरु भएको हप्ता दिन वितिसक्दा आन्दोलन सामान्य दिनचर्याझै बनिसकेको थियो । बिहान ९ नौ बजेदेखि सडकमा टायर बल्न सुरु भयो । प्रतिगमनविरुद्धमा र राजाको विरुद्ध गणतन्त्रका पक्षमा नारा लगाउनु सामान्यनै बनेको थियो आन्दोलनको बेला । दलका नेतादेखि कार्यकर्ताहरुसम्म राजा ज्ञानेन्द्रको विरुद्धमा चर्का नारा लगाउँदै जुलुश गरिरहेका थिए । दिनदिनैको आन्दोलनको स्वरुप नाराजुलुशसहित बजार परिक्रमा गर्ने थियो । बनेपा, पनौती र धुलिखेलमा दिउँसो छुट्टाछुट्टै रुपमा प्रतिगमनको विरुद्धममा नारा जुलुश भए । तीनै नगरपालिकामा हजारौ आन्दोलनकारी जुलुशमा सहभागी थिए । बनेपामा नेवारी वाजागाजासहित जुलुश प्रदर्शन भएको थियो । गाउँगाउँमा प्रदर्शन भएका समाचार हामीलाई विभिन्न नेताहरुले सुनाईरहेका थिए । जनसागर आन्दोलनमा सहभागी बनेपनि कहिलकाही प्रहरीले हस्तक्षेप गरिहाल्थ्यो । प्रहरीको हस्तक्षेपबाट बनेपामा शिव सेढाई, विष्णुविक्रम गिरि, भागवत थापा, कृष्णप्रसाद गौतम लगायत घाइते भए ।

पनौतीमा महिलाहरुले थाल ठटाएर जुलुश गरे । हजारौ महिला सहभागी भएर नारा जुलुशसहित पनौती नगरपरिक्रमापछि गरिएको थाल ठटाउने जुलुश पनौतीको लागि आकर्षकनै थियो । पनौतीमा पूर्ण लोकतान्त्रिक मञ्च काभ्रेले जनआन्दोलनका घाइतेहरुको लागि भन्दै गरेको रक्तदानमा १ सय ४१ सहभागी थिए । दिनदिनै ढुंखर्कबाट ठूलो संख्यामा जुलुश पनौती आउने गरेको थियो तर खाली एउटै नारा जुलुश थियो । मैले ढुंखर्कका साथीहरु भेटेर नयाँ आन्दोलन कसरी गर्न सकिन्छ भनेर छलफल गर्ने निधोका साथ ढुंखर्क जाने बसपार्क नजिक रहेको तारेको होटेलमा पुगे । त्यहाँ रहेका साथीहरुवीच धेरै बेर छलफल भयो । पनौती, बनेपामा भएका आन्दोलन खाली नाराजुलुशमै सीमित भएको बताउँदै छुट्टै आन्दोलन गर्न आग्रह गरे ।

मैले ढुंखर्कका साथीहरुलाई हँसिया, कुट्टो, कोदालोसहित आन्दोलनमा आउन सल्लाह दिएपछि भोलिपल्ट आउने निधोसहित उनीहरु घर फर्किए । हामी त्यसपछि आन्दोलनकै क्रममा पाँचखाल जान हिड्यौ । पाँचखालमा पनि अधिकांश महिलासहित हजारौ आन्दोलनकारीहरुले प्रदर्शन गरे । प्रतिगमनविरुद्ध र राजा ज्ञानेन्द्रविरुद्ध चर्का नारा लगाईरहेका महिलाहरुमा देखिएको जोशले आन्दोलनलाई छुट्टै उत्साह थपेको थियो । प्रतिगमनविरुद्ध र लोकतन्त्रको पक्षमा गीतगाउँदै र नाँच्दै गरेको प्रदर्शनमा उत्रिएका आन्दोलनकारीहरु गीतमार्फत प्रहरी र सैनिकलाई भन्दै थिए-

जनताका छोराछोरी हे सुरक्षाकर्मी दाजुभाई
आन्दोलनमा साथ देऊ छोडिदिऊ ज्ञानेलाई ।

काँधमा पुत्ला बोकेर नाराजुलशसहित विना कुनै डरत्रास अघि बढेका आन्दोलनकारीहरुले तामाघाट हुँदै प्रहरी चौकी नजिक पुगेर प्रतिगमनविरुद्धको पुत्ला जलाए । बनेपाको जस्तो प्रहरीले त्यहाँ कुनै हस्तक्षेप गरेन । त्यही दिन बाजागाजासहित कुन्तावेशीमा प्रतिगमनविरुद्ध प्रदर्शन भएको खबर हामीले पायौ ।

सात राजनीतिक दलको आज बसेको बैठकले बैशाख २ गते दुई गते शिक्षक संघसंगठनहरुलाई, बैशाख ३ गते पत्रकार, कर्मचारीहरु र मानवअधिकारकर्मीहरु लगायत, बैशाख ४ गते महिलालाई विरोध जुलुश गर्नका लागि अनुरोध गर्ने निर्णय गर्‍यो । शहीद भीमसेन दाहालको स्मृतिमा बैशाख ७ गते श्रद्धाञ्जली सभा गर्ने निर्णय गरेको जानकारी समेत हामीले पायौ ।

बनेपा फर्केर युवा विद्यार्थीको पुत्ला जुलुश सकेपछि हामी समाचार लिएर काठमाडौ गयौ । जाँदा सजिलै गएपनि आउँदा केही अध्यारो भैसकेको थियो । आन्दोलनकारीहरुले ढुंगा हानिहाले । त्यसपछि मलाई लिएर गएका मोटरसाइकल चलाउने साथी मुल सडकबाट आउनै मानेनन् । हामी सल्लाघारीबाट भित्रभित्रै हुँदै बनेपा फर्कियौ । बनेपामा आउँदा आन्दोलनकारीले ब्याल्क आउट गरेका रहेछन् । ७ देखि ७:४५ बजेसम्म ब्याल्क आउट गरेकोले हामी पनि आन्दोलनकारीहरुसँगसँगै सो कार्यक्रममा सहभागी थियौ । बेलुका अबेर कोठामा पुगेपछि भोलि ढुंखर्कबाट कसरी आउलान भनेर सोच्दै निदाए ।

## बैशाख २ गते

बिहानदेखि जोशिला आन्दोलनकारी युवाहरुले सडकमा टायर बाल्न थालिसकेका थिए । सडकमा टायर बल्नु र आन्दोलनमा जनसागर ओर्लिनु बनेपाका लागि सामान्य बनिसकेको थियो । हजारौ कार्यकर्ता बनेपा उज्यालो नहुँदै आन्दोलनका तयार भएर सडकमा आईसकेका हुन्थे । आन्दोलनकारीले टायर बाल्ने र प्रहरीले निभाउने क्रम बिहानदेखिनै जारी थियो । टायर पन्छाउन आएपनि अघिल्ला दिनहरुमा जस्तो प्रहरीले आन्दोलनकारीमाथि दमन गर्न छोडेको थियो । हजारौ सहभागी भएको र तीनिहरुलाई दमन गर्न नसकेर पनि होला ।

बिहान नेपाल बार एशोसियसन काभ्रे इकाईले प्रतिगमनको विरुद्ध र लोकतन्त्रको पक्षमा हातमा मैनबत्ती लिएर जुलुश प्रदर्शन गर्‍यो । कालो कोटमा सजिएका कानुन व्यवसायीहरुको आन्दोलनप्रति अन्य हजारौ सर्वसाधारण आन्दोलनकारीले साथ दिएका थिए । सो मौनबत्ती जुलुश बनेपा बजार परिक्रमापछि शहीद चोकमा आएर कोणसभामा परिणत भयो ।

ढुंखर्कबाट हजारौको संख्यामा हँसिया, कुटो, कोदालोसहित आउँदैछन् भनेपछि हामी त्यो हेर्न धनेश्वरतिर लाग्यौ । ढुंखर्कका साथै कुशादेवी, बल्थली, खोपासी, शंखु लगायतका क्षेत्रबाट आएका हजारौ महिलासहितको जुलुशले सडक ढाकेको थियो । धनेश्वरदेखि गोदामचोकसम्मको सडक पुरै आन्दोलनकारीले ढाकेका थिए । त्यसमा पनि आकर्षक हँसिया, कुटो र कोदालो बोक्ने थिए । प्रायः महिलाले हँसिया बोकेका थिए भने उमेर काँटिसकेका महिला पुरुषले हातमा कोदालो र कुटो

बोकेका थिए । कुशादेवीबाट आएका युवाहरु भने लोकतन्त्रको पक्षमा दोहोरी गीत गाउँदै र नाँच्दै आएका थिए । उता बनेपाको सडकमा नेपालकै चर्चित ब्याण्ड गुल्मी गाईजले लोकतन्त्रको पक्षमा संगीत घन्काउँदै सडक तताईरहेका थिए । नेपालका धेरै सांगितिक ब्याण्ड भएपनि लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै आन्दोलनमा साथ दिने पहिलो ब्याण्डनै गुल्मी गाईज थियो । बनेपा विडस लगायतका ब्याण्ड पनि आन्दोलनप्रति समर्थन गर्दै सडकमा उत्रिएका थिए ।

बनेपाको चारदोबाटोदेखि तीनदोबाटोसम्मको सडक आन्दोलनकारीले भरिभराऊ थियो । बनेपाका महिलाहरुको प्रदर्शन पनि त्यही थियो । जनागाल, नाला, साँगा लगायतका क्षेत्रबाट आएका छुट्टाछुट्टै पुत्लासहितको जुलुश त आन्दोलनलाई थप आकर्षक बनाएको थियो । सडकभरि आन्दोलनकारी भएकोले त्यो दृष्य खिच्न कहिले हामी कसैको छततिर पुग्थ्यौ त कहिले सडकमा आउथ्यौ । पत्रकारहरुलाई भ्याई नभ्याई थियो । अझ टेलिभिजनमा कार्यरत भोला थापा, खगेन्द्र भण्डारी, निरञ्जुल कायष्थ लगायतको त फुर्सदनै थिएन ।

ढुंखर्कबाट हँसिया, कुटो, कोदालोसहित आएका कृषक, कुशादेवीबाट मादलसहित लोकतान्त्रिक दोहोरी गीत गाउँदै र नाँच्दै आएका युवा, आन्दोलनकारीलाई जोश बढाउने ग्लुमीगाईजको गीतको रौनक सडकमा देखिन्थ्यो । नाँच्ने गाउनेहरुको भीड थियो । भीडमा आन्दोलनकारी हरि अधिकारीको गीतले त आन्दोलनलाई थप रौनक थपेको थियो ।

बिहान मात्र नेपाल शिक्षक संघका नारायण तिमल्सिनाले शिक्षक संघ र संगठन र प्याब्सनको समेत लोकतन्त्रको पक्षमा प्रदर्शन हुने खबर दिएकोले हाम्रो ध्यान त्यतातिर गयौ । चक र डस्टरमा रमाउने शिक्षक/शिक्षिकाहरु समेत प्रतिगमनको विरुद्धमा चर्का नारा लगाईरहेका थिए । बनेपाभरि शिक्षक गुरुहरुले प्रतिगमन र राजाको विरुद्ध नारा लगाउँदै गर्दा हजारौ सर्वसाधारणहरु त्यो आन्दोलनमा साथ दिईरहेका थिए । आन्दोलन नभएर दिन कसरी काट्ने होला भन्ने समस्या आन्दोलनकारीहरुमा थिएन । सबै आन्दोलनकारीहरुको एउटै मार्ग थियो आन्दोलनको । बनेपाको चारदोबाटो वा शहीदचोकबाट सुरु गर्ने तीनदोबाटो, लायकु, तीनधारा, रेडक्रस चोक, चारदोबाटोहुँदै शहीदचोकमा गएर कोणा सभा गर्ने । शिक्षकहरुले पनि त्यसै गरे ।

यी दृष्यहरुलाई इमेज च्यानलमार्फत देशभर पुर्‍याउने उद्देश्यसहित सदाझै म एउटा मोटरसाइकल खोजेर काठमाडौ लागे । नाँच्दै गाएको र हँसिया, कोदालो र कुटो बोकेर प्रर्दशन गरेको दृष्यलाई टेलिभिजनमा दिएर हामी फर्कियो ।

बेलुका विद्यार्थीहरुले शहिदहरुको तस्वीर बोकेर प्लेकार्डसहित प्रदर्शन गर्ने कार्यक्रम राखेका थिए । युवाविद्यार्थीको आन्दोलनमा सहभागी भएपछि म घरतिर फर्के । दिनभर आन्दोलनमा सहभागी भएकोमा हामीमा कुनै थकान थिएन । बरु सडकमा टायरको कारण मुख धुँदा कालो मात्र आउँथ्यो भने अधिकांशको मुख साह्रै फुटेको थियो । बेलुका थाहा भयो , चैत्र २४ गते समातिएका विद्यार्थी गणेश लुईटेललाई प्रहरीले छोडिदिएछ ।

## बैशाख ३ गते

आन्दोलनकारीहरुको जोश हराएको थिएन । बिहानदेखि सडकमा टायर बाली सडक अवरुद्ध पार्ने क्रम जारी थियो । जति प्रहरी टायर हटाउथ्यो, त्यतिनै आन्दोलनकारी टायर बाल्थे । अघिल्ला दिनहरुमा जस्तो प्रहरीले दमन भने गरेको थिएन । दिउँसो पत्रकारहरुले आन्दोलन गर्ने कार्यक्रम राखेका थिए । पत्रकारको जुलुशको लागि तयारी गर्ने क्रममा म पनि जुटे । प्लेकार्ड बनाउने लगायतका काममा पत्रकार महासंघ सभापति इश्वरी ओझा, सचिव मानकाजी सुवाल लगायत हामी खटिएका थियौ । पत्रकारहरुसँगै हजारौ शुभेच्छुकसहित हामीले बनेपा नगरपरिक्रमा गर्‍यौ । क्यामेरा, कलम कापी बोकेर दिनदिनै आन्दोलनको समाचार संकलन गरिरहेका हामी आफै नाराजुलुशसहित आन्दोलनमा सहभागी हुँदा छुट्टै खुशीको अनुभुति भईरहेको थियो । हजारौ

सर्वसाधारण पत्रकारको आन्दोलन भन्दै हामीलाई साथ दिईरहेका थिए । बनेपा परिक्रमापछि शहीद चोकमा गएर कोणसभामा परिणत भयो ।

आन्दोलनकारी युवाविद्यार्थीले दिउँसै बनेपामा मशाल जुलुश प्रदर्शन गरे । प्रदर्शनमा हजारौ विद्यार्थी सहभागी थिए । स्थानीय निकाय कर्मचारी संघ काभ्रे, नेपाल यातायात मजदूर संगठन लगायतले पनि जनआन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै बनेपामा प्रदर्शन गरेका थिए । प्रदर्शनमा हजारौ मजदूरहरुका साथै कर्मचारीहरु सहभागी थिए । बनेपा नगरपरिक्रमापछि शहीदचोकमै पुगेर कोणसभामा परिणत भएको थियो ।

पत्रकारहरुले जुलुश गरेको केही समयपछिनै पेशाकर्मीहरुको साझा मञ्च पेशागत महासंघ, नेपाल ट्रेड युनियन कांग्रेस, जिफन्ट, डिकोण्ड लगायतले लोकतन्त्रको पक्षमा जुलुश प्रदर्शन गरे । जुलुशले बनेपा नगरपरिक्रमा गरेको थियो । पनौतीमा समेत शिक्षक संगठनले विरोध कार्यक्रमको आयोजना गरेका थिए । यी सबै समाचार भएको टेप एक जना काठमाडौ जाने साथीलाई हामीले पठाईदियौ । साँझ फेरी युवा विद्यार्थीले बनेपामा मशाल जुलुश आयोजना गरेका थिए । मशाल जुलुशमा हामी पनि सँगै थियौ । दिनभरिको जुलुश सकिएपछि राती ८ बजेतिर घर फर्कियौ ।

## बैशाख ४ गते

बिहानैदेखि बनेपाका सडकमा टायर बल्न सुरु भैसकेको थियो । आज महिलाले वृहत जुलुश प्रदशन गर्ने लक्ष्य राखेका थिए । बिहानभरि टायर बाल्ने बाहेकका कार्य नभएपनि दिउँसो महिला जुलुश सुरु भयो । पनौती क्षेत्रबाट हजारौको संख्यामा महिला नाराजुलुशसहित बनेपा आएका थिए । बनेपामा धुलिखेल, पाँचखाल, साँगा, नाला लगायतका क्षेत्रबाट आएका आन्दोलनकारी महिलाहरु सहभागी भैसकेका थिए । काभ्रेमा भएका सबै जुलुशहरुभन्दा ठूलो जुलुश यो जुलुशलाई मानिएको थियो त्यो बेला । महिलाहरुले आयोजना गरेको सो जुलुशमा ५० हजारभन्दा बढी आन्दोलनकारीहरु सहभागी भएको अनुमान गरिएको थियो । जुलुशमा कम्मरमा घैटो बोकेर आन्दोलनमा सहभागी महिलाहरुको विशेष आकर्षण थियो । महिलाहरुको ऐतिहासिक उपस्थिती रहेको सो जुलुशले बनेपा पूरै परिक्रमा गर्‍यो र शहीदचोकमा कोणसभा भयो ।

विभिन्न पेशागत संघसंस्था र कर्मचारीहरुले आन्दोलनप्रति ऐक्यवद्धता जनाउने क्रम जारी थियो । धुलिखेल नगरका प्रमुखले त कर्मचारी आन्दोलनमा लागेको भनि जागिरबाट निकालिदिने धम्की समेत दिएका थिए । धुलिखेल नपा-५ का वडाध्यक्ष रामेश्वर ऐजूले आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै वडाध्यक्षबाट राजीनामा दिए । राजधानीमा कानुन व्यवसायीमाथि गरिएको दमन र धरपकडको विरोधमा नेपाल वार एशोसियसन काभ्रे इकाईका पदाधिकारीहरुले लालटिन बालेर अदालत परिसरमा जुलुश प्रदशन गरे ।

भकुण्डेवेशीमा आन्दोलनमा सक्रिय सहभागिता भएको भनी नौ बाहिनी भकुण्डेवेशीका सेनाहरुले मेथिनकोटका उद्धव काफ्ले, दुर्गा चिमोरिया, फुलबारी-६ का देवीप्रसाद शर्मा, खनालथोकमा विमल खनाल र आत्मराम खनाललाई दुव्यर्वहार गर्‍यो र आन्दोलनमा सहभागी नहुन धम्की समेत दिएको खबर हामीले बेलुका पायौ । सो घटनाको संयुक्त जनआन्दोलन संयोजन समितिको बैठकले जनविरोधी कार्य भन्दै भर्त्सना गर्‍यो । साँझ महिलाको ऐतिहासिक जुलुशको समाचारको टेप लिएर इमेज च्यानल पुग्यौ र बेलुका राती अबेर फर्‍यौं ।

## चैत्र ५ गते

आन्दोलनले सफलता चुम्दै गएको थियो । आन्दोलनमा हजारौ स्वर्तस्फुर्त भेला हुन थालेका थिए । सधै आन्दोलन बनेपामै केन्द्रित थियो । जिल्ला सदरमुकाम धुलिखेलसम्म जुलुश जाने योजना

सात दलले बनाएका थिए । बिहानभरि सडकमा टायर बाल्दै थिए आन्दोलनकारी । गैर सरकारी संस्था महासंघ काभ्रेले बिहान लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै बनेपामा प्रर्दशन गरे ।

जिल्ला सदरमुकाम घेराबन्दी गर्ने भनेपछि हजारौ कार्यकर्ता आएका थिए । बर्षा ठूलो भयो तर पनि कुनै पर्वाह नगरी आन्दोलनकारीहरु नाराजुलुशसहित धुलिखेलतिर लागे । छाता ओडेर प्रतिगमनकोविरुद्ध नाराजुलुश गर्दै अघि बढेको जुलुश धुलिखेल बसपार्क नजिक पुग्यो । सयौ कार्यकर्ता स्वयंसेवकको रुपमा परिचालन गरिएको थियो । सात दलका नेताहरुले धुलिखेल बसपार्कसम्म मात्र जुलुश पुर्‍याएर त्यहाँ कोणसभा गर्ने योजना राखेका रहेछन् तर आन्दोलनकारीहरु जिल्ला प्रशासन कार्यालय लगायतका सरकारी कार्यालयहरुसम्म पुगेर प्रर्दशन गर्न चाहान्थे । केही कार्यकर्ताहरुले अगाडी बढ्न खोजेपनि स्वयंसेवकले दिएनन् । त्यसपछि त्यहाँ केही झडपको स्थिती आयो । त्यहाँ हुने सभाको लागि नेपाली कांग्रेसका डा. रामशरण महतसहितका केन्द्रीय नेताहरु आएका थिए । नेताहरुमाथि केही क्षणमै ढुंगा आक्रमण सुरु भयो । अर्थात आन्दोलनमा सरकारी घुसपैठ भएको भनी हल्लीखल्ली भयो । कार्यकर्ताहरुको प्रयासमा नेताहरु बल्ल बल्ल बाँच्न सफल भए । हामी त्यो दृष्य खिचिरहँदा नेताहरुविरुद्ध ढुंगा प्रहार गर्ने आन्दोलनकारीहरुले हामी पत्रकारहरुलाई धम्काए र भने- फोटो नखिच । हामीले पत्रकार भएको बताएपनि उनीहरुले क्यामेरा फुटाईदिने धम्की दिए । मञ्चमाथि बारम्बार ढुंगा बषाईरहेकाहरु को थिए भनेर पत्ता लगाउन गाह्रो थियो तर केही व्यक्तिहरुलाई आन्दोलनकारीहरुले लखेटी लखेटी पनि कुटे । संयुक्त जनआन्दोलन संयोजन समितिको बैठकले सो कार्यको भर्त्सना गर्दै राज्यद्धारा पालित मण्डलेहरुद्धारा सो घटना घटाइएको ठहर गरे । समितिले निकालेको प्रेस विज्ञप्तिमा जनआन्दोलन दबाउने मण्डलेहरुको सुची तयार गरी जनआन्दोलन समितिमा पठाउने निर्णय पनि गरे ।

दिनभरि रुजेर आन्दोलनमा सहभागी भएका आन्दोलनकारीहरुले धुलिखेलबाट फर्केपछि पनि बनेपामा ठूलो प्रदर्शन गरे र आन्दोलन विथोल्ने मण्डलेहरुलाई कार्बाहीको माग गरे ।

आजै बसेको संयुक्त जनआन्दोलन समिति काभ्रेको बैठकले नौ नम्बर बाहिनी भकुण्डेवेशीका सैनिकहरुले आन्दोलनकारीहरुमाथि गरेको दुर्व्यवहार र धम्कीप्रति खेद व्यक्त गर्‍यो ।

## बैशाख ६ गते

बिहानै चारदोबाटो आउँदा प्रहरीको भन्दा आन्दोलनकारीको वर्चस्व थियो । आन्दोलनप्रति ऐक्यवद्धता जनाउने क्रम जारी थियो । ग्लुमी गाईज र बिङ्स ब्याण्डले लोकतान्त्रिक सडक संगीतको आयोजना गर्‍यो । आन्दोलनलाई त्यसले यति उर्जा थप्योकि सबै आन्दोलनकारीहरु संगीतमार्फत लोकतन्त्रको पक्षमा आवाज उठाउन थाले । ग्लूमी गाईजको गीत समेत आन्दोलनकारीलाई जोश बढाउने खालको थियो । उनीहरु गीत मार्फत आन्दोलनलाई दमन गर्ने राज्यलाई भन्दै थिए ।

मेचीदेखि महाकाली जलिरहेछ
मुक्तिका आवाजहरु गुञ्जीरहेछ
अझै ठोक कति ठोक्छौ
बुट, लाठी, गोली
ल्याई छाड्छौ लोकतन्त्र
आज होस् या भोलि
....................

बनेपाको चारदोबाटोमा नेपाल विद्यार्थी संघ काभ्रेले संघको ३५ औ स्थापनाको दिवसमा लोकतान्त्रिक सभाको आयोजना गर्‍यो । सभालाई नेविंघका पुर्व महामन्त्री गगन थापा लगायतले सम्बोधन गरेका थिए । जोशिला र गणतन्त्रवादी युवा गगनको भाषणले काभ्रेका आन्दोलन सफल

बनाउन थप उत्साह थपेको थियो । गगनले घरका छततिर रहेका सबैलाई सम्बोधन गर्दै आन्दोलनमा सडकमा आउन आग्रह गरेका थिए । थापा बोलिरहेको बेला जाँड खाएर हल्ला गरिरहेका तीन जनालाई आन्दोलनकारीहरुले मण्डलेभन्दै कुटपिट गरेका थिए । दिउँसो फेरी आन्दोलनकारीहरुले प्रतिगमनविरुद्धमा जुलुश गरे । कुनै ब्यानरमा आन्दोलन आयोजना गरिएको थिएन तर बनेपाको सडकमा उपस्थित भएका युवाहरु स्वर्त स्फुर्त नारा जुलुश गरिएका थिए । उता पनौती, धुलिखेल, पाँचखाल, भकुण्डेवेशी लगायतका क्षेत्रमा समेत हजारौको संख्यामा उपस्थित भएर आन्दोलन भएको समाचार हामीलाई आयो ।

प्रहरीले पक्राउ परेका अर्का विद्यार्थी विनोद गाउँलेलाई पनि प्रहरीले रिहा गरेको खबर हामीले पायौ ।

## बैशाख ७ गते

सधै बनेपा, धुलिखेल, पनौती लगायतका क्षेत्रमा मात्र आन्दोलन जारी राख्ने बताएका सात दलले काठमाडौ उपत्यका पुग्ने लक्ष्य बनाएका थिए । सबै काठमाडौमा पुग्ने अभिलाषाका साथ बसेका थिए । गाउँगाउँबाट समेत हजारौ बनेपा आइपुगेपछि जुलुश सुरु भयो । साँगाभन्दा उताको नलिनचोकमा ठूलो संख्यामा सेना थिए र  ती सेनाले आन्दोलनकारीलाई बेला बेलामा नलिनचोकबाट अगाडी बढ्न दिने गरेका थिएनन् । हजारौ आन्दोलनकारीहरु सेनाको अवरोधलाई छिचोल्दै काठमाडौ उपत्यका जाने लक्ष्यका साथ अघि बढेका थिए । हातमा झण्डा, गीत संगीत र नाराजुलुशले आन्दोलनलाई रौनकता दिईरहेको थियो । गणतन्त्रको पक्षमा र राजाको विरुद्धमा आन्दोलनकारीहरु मच्ची मच्ची नारा लगाउँथे । हिडेरै अघि बढेका आन्दोलनकारीहरु काभ्रे र भक्तपुरको सीमा साँगा हुँदै काठमाडौ उपत्यका छिरे ।

भक्तपुरको नलिनचोक नजिक पुगेपछि ठुलो संख्यामा राज्यले सेना परिचालन गरेको रहेछ । साँगाबाट आन्दोलनकारीहरु अघि अघि गएर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरेको खबर हामीले दियौ । आन्दोलनकारीहरुले सेनाको अवरोधलाई छिचोलेर अघि बढ्ने प्रयास गरे । दुवै पक्षवीच केहीबेर झडप समेत भयो । आन्दोलनकारी दलका नेताहरुले हाम्रो दुष्मन तिमीहरु जनताका छोरा होइनौ राजा हो भन्दै बाटो छोडिदिन आग्रह गरे । सेनाले भने अघि बढे गोली हानिदिने धम्की समेत दिए । तैपनि सेनाको धम्कीबाट विचलित नभई आन्दोलनकारीहरुले आन्दोलन जारी राखेका थिए । सेना कुनै पनि हालतमा आन्दोलनकारीहरुलाई काठमाडौ छिर्न नदिने पक्षमा थिए भने आन्दोलनकारीहरु भने पटक पटक सेनाहरुलाई बाटो छोड्न आग्रह गरिरहेका थिए ।

धम्कीपछि सेनाको विरुद्ध केही बेर जुलुश प्रर्दशन गरेका आन्दोलनकारी नाराजुलुससहितनै फर्के ।

भीमसेन दाहाल शहीद भएको १३ औ दिन थियो । सभामा जनआन्दोलनका घाइते पूर्ण श्रेष्ठ र जनआन्दोलनको क्रममा घाइते भएका संजीव दाहाललाई सम्मान गरियो । सभामा भीमसेनको परिवारमा देखिएको रुवावासीले आन्दोलन दमन गर्ने प्रहरी र त्यसको नेतृत्व गर्ने राजा ज्ञानेन्द्रप्रति थप घृणा पैदा गराएको थियो । आन्दोलनको क्रममा चैत्र २४ गते प्रहरीले पक्राउ गरेका अनेरास्ववियूका जिल्ला अध्यक्ष दीपक गौतम लगायतका विद्यार्थीहरुलाई रिहा गरेको थियो । रिहा गरेपछि सबै आन्दोलनकारीहरुले उनीहरुलाई सम्मान गरेका थिए । कसैले आन्दोलन नगर्दा सडकमा उत्रिने ती विद्यार्थीको आगमनले थप आन्दोलन उठ्ने अपेक्षा सबैले गरेका थिए ।

## बैशाख ८ गते

बिहान साढे ७ बजेतिरै म बनेपाको चारदोबाटो आईपुगेको थिएँ । जनआन्दोलनको क्रममा प्रहरीको दमन र ज्याजती ज्यादै थियो । त्यो ज्याजतीलाई लिएर जनआन्दोलनको क्रममा मानव

अधिकार उल्लंघन गर्ने गरी भएका घटनाहरुलाई संकलन गर्ने उद्देश्यले मानव अधिकार तथा सुचना केन्द्रले अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको थियो । कार्यक्रममा आन्दोलनमा सहभागीहरु, जनआन्दोलनका घाइतेहरु र शहिदका आफन्तहरु सहभागी थिए । अन्तरक्रियाको ठहर जनआन्दोलनको क्रममा मानव अधिकार उल्लंघन भयो भन्ने थियो ।

आन्दोलनप्रति विभिन्न संघसंस्थाले ऐक्यवद्धता जनाउने क्रम जारी थियो । जिल्ला विकास समितिका कर्मचारीहरुले आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै लोकतन्त्रको पक्षमा प्रदर्शन गरे । प्रदर्शनको क्रममा कर्मचारीहरुले प्रतिगमनविरुद्ध जुलुश गरेका थिए । नेपाल बजार बजार विक्री प्रतिनीधि कल्याणकारी समूह, शान फर्निचर, भारतीय तथा तराईमुलका नागरिकले समेत आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै प्रदर्शन गरेका थिए । नाराजुलुशसहित बनेपा बजार परिक्रमापछि शहीद चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । हजारौको सहभागितामा आन्दोलनमा थियो । महिला, कलाकर्मीसहित हजारौ महिला सहभागी रहेको सो कोणसभाको क्रममा नेपाल पत्रकार महासंघ काभ्रेले सडक समाचार भन्न सुरु गरेको थियो । मैले त्यो दिन जिल्लाभर भएका सबै आन्दोलनका कार्यक्रमबारे समाचार भनेको थिए । पनौती, पाँचखाल, धुलिखेल लगायतका क्षेत्रमा भएका आन्दोलनबारे समाचारमा चर्चा गरिएको थियो ।

जनआन्दोलनको क्रममा प्रहरीको गोलीबाट मृत्यु भएका शिवहरि कुँवरको सम्भनामा श्रद्धाञ्जली सभाको आयोजना गरियो । सभामा सात राजनीतिक दलका प्रतिनीधिहरुले मन्तव्य राखेका थिए । देशभर चलेको आन्दोलनबाट अत्तालिएका राजा ज्ञानेन्द्रले राती जनताको नासो जनतालाई नै फर्काएको घोषणा गरे । जनआन्दोलनमा चर्का नारा लगाउँदै अघि बढेका जनताले शाही घोषणालाई अस्वीकार गरी घोषणा गरे लगत्तै साँझ जुलुश प्रदर्शन गरे । शाही घोषणा धोका हो भन्दै तीनदोबाटोबाट सुरु भएको जुलुशले रात परेपछि पनि बनेपा बजार परिक्रमा गरेको थियो । घोषणा सुने लगत्तै हजारौ आन्दोलनकारी जुलुशमा सहभागी भएका थिए । म लगायत केही पत्रकार साथीहरु तीनदोबाटो पुगेपछि हामीले जुलुश गर्न उत्साह थपेका थियौ । हामीले यसलाई धोका भन्दै आन्दोलन जारी राख्नुपर्ने बताएका थियौ । बेलुका अर्को दुःखद समाचार सुन्नुपर्‌योकि पनौतीका सगुन ताम्राकार आन्दोलनको क्रममा काठमाडौमा शहीद भएछन् ।

## वैशाख ९ गते

बिहान बनेपा आउँदा प्रतिगमनविरुद्धको जुलुश सुरु भैसकेको थियो । दिउँसो पनौतीका सगुन ताम्राकारको लाश काठमाडौबाट ल्याई बनेपादेखि पनौतीसम्म शवयात्रा गरी अत्येष्टि गर्ने कार्यक्रम रहेको जानकारी कांग्रेस प्रजातान्त्रिकका जिल्ला सभापति तीर्थबहादुर पसखलले दिनुभएको थियो । बिहान बसेको संयुक्त जनआन्दोलन समिति काभ्रेको बैठकले बैशाख ८ गते राजाले दिएको शाही घोषणाको विरोध गर्दै निरंकुश राजतन्त्रको अन्त्य नभएसम्म आन्दोलन जारी राख्ने निर्णय गरे । दलहरुले राजाको घोषणाको भ्रममा नपरी आन्दोलनमा उत्र्न आह्वान गरेका थिए ।

सडकमा टायर बालेर आन्दोलनकारीहरुले प्रदर्शन गरिरहेका थिए । आन्दोलनप्रति ऐक्यवद्धता जनाउने क्रम जारी थियो । खेलकर्मीहरुले समेत आन्दोलनप्रति ऐक्यवद्धतना जनाउँदै बनेपा नगरपरिक्रमा गरे । नगरपरिक्रमापछि शहीद चोकमा पुगेर कोणसभा भयो । साहित्यकारहरु पनि खुलेरै प्रतिगमनको विरुद्ध उत्रिए । उनीहरुले शहीदचोकमा उभिएर निरंकुश राजा ज्ञानेन्द्रको विरुद्ध र लोकतन्त्रको पक्षमा कविता वाचन गरे । पेशागत संघसंगठन समेत प्रतिगमनविरुद्धको आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै प्रर्दशन गरे । नेपाल ट्रेड युनियन कांग्रेस, डिकोण्ट, जिफन्ट लगायतले गरेको जुलुशले नगरपरिक्रमा गरेको थियो । सडकमा हजारौ थिए र चर्का स्वरमा प्रतिगमनविरुद्ध नारा जुलुश लगाईरहेका थिए ।

राजाको सम्बोधनपछि आन्दोलनमा केही मत्थर हुन्छकि भन्ने धेरैलाई थियो तर आन्दोलनमा कुनै कमी आएन । बरु अघिल्ला दिनहरुको भन्दा बढी जोश र उमंगका साथ आन्दोलनकारीहरु जुलुश प्रदर्शन गरिरहेका थिए । सात राजनितिक दल र माओवादीले छुट्टाछुट्टै बक्तव्य प्रकाशन गरी १२ बुदें सहमति र जनताका भावनालाई राजाको सम्बोधनले पूर्णरूपले अस्विकार गरेकाले आन्दोलन जारी राख्ने निर्णय गर्‍यो । आन्दोलनकारीहरु झन उत्साहित बनेका थिए ।

दिउँसो बनेपाबाट शवयात्रा सुरु भयो । धनेश्वर, श्रीखण्डपुर, ढलमले, सुब्बागाउँ, बाँसघरी हुँदै पनौतीस्थित त्रिवेणी घाटमा लगेर अत्येष्टि गरिएको थियो । शवयात्रामा हजारौ सर्वसाधारण थिए र उनीहरुले नारा जुलुश लगाईरहेका थिए । पनौती पुगेपछि बसपार्कमा सगुनको लाश श्रद्धाञ्जलीको लागि राखियो । शहीद सगुनलाई श्रद्धाञ्जली दिन हजारौ सर्वसाधारणको भीड पनौतीमा लागेको थियो । सबै राजनीतिक दलका नेताहरु श्रद्धाञ्जलीको लागि त्यहाँ पुगेका थिए ।

## बैशाख १० गते

आन्दोलनको क्रममा संविधानसभाको माग पनि व्यापक रुपमा भएको थियो । पनौतीमा संविधानसभा चाहिन्छकि चाहिदैन भन्ने विषयमा जनमत संग्रह गरियो । बहुमतले संविधानसभाको पक्षमा मतदान दिए । हामी त्यो मतदानमा सहभागी भएका थियौ ।

दिउँसो विभिन्न संघसंस्थाले आन्दोलनप्रति ऐक्यवद्धता जनाउने कार्यक्रम राखेकाले हामी बनेपा आयौ । पनौती लगायतका क्षेत्रबाट ठूलो संख्यामा आन्दोलनकारीहरु आई बनेपामा जम्मा भएका थिए । लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै काभ्रे उद्योग वाणिज्य संघ, नेपाल सुनचाँदी व्यवसायी संघ, अरनिको यातायात सेवा समिति, काभ्रे बस व्यवसायी संघ, काभ्रे मिनिबस सेवा समिति, हेलम्बु यातायात सेवा समिति, निर्माण व्यवसायी संघ, होटेल संघ, नेपाल होलसेल व्यवसायी संघ, शान फर्निचर, गोदामचोक युवा क्लब, काभ्रे क्रिकेट संघ लगायतले प्रदर्शन गरे । प्रदर्शनमा हजारौ सहभागी थिए । उनीहरुले राजा र प्रतिगमनको विरुद्ध जुलुश लगाएका थिए । बनेपा नगरपरिक्रमापछि शहीदचोकमा पुगेर कोणसभा भयो ।

गीत र संगीतसँगै बिड्स व्याण्ड र ग्लूमी गाईजले पनि प्रदर्शनले पनि आन्दोलनलाई थप उत्साह थपेको थियौ । हजारौ आन्दोलनकारी गीतसंगीतमा नाँच्दै गाउँदै आन्दोलन गरिरहेका थिए । आन्दोलनप्रति ऐक्यवद्धता जनाउँदै कम्युटर एशोसियसन काभ्रेको आयोजनामा कम्युटर व्यवसायीहरुले प्रदर्शन गरे । उनीहरुले हातमा कम्प्युटरका पार्टपूर्जा मोनिटर, सिपियू, कि-बोर्ड, माउस तथा सिडीसहित प्रदर्शन गरेका थिए । कम्युटर व्यवसायीहरुले बनेपा नगर परिक्रमा गरी शहीदचोकमा कोणसभा गरेका थिए ।

दिउँसो शाही घोषणालाई 'धोका' को संज्ञा दिँदै संविधान सभाको मागसहित आन्दोलनरत आठ विद्यार्थी संगठनले बनेपामा दिउँसै राँके जुलुश प्रदशन गरेका थिए । दिउँसै राँके जुलुश प्रदर्शन गर्दा पनि प्रहरीले कुनै हस्तक्षेप गरेन । उनीहरुले दिउँसै राजाको शाही घोषणाविरुद्ध राँके जुलश मात्र गरेनन्, सात दलका नेताहरुलाई खुट्टा नकमाई आन्दोलन जारी राख्न आग्रह गरेका थिए । उनीहरुले निरंकुश राजतन्त्रको बनेपाको मुख्य सडकमा नाराजुलुशसहित पुत्ला जलाएका थिए । दिनभर उनीहरुले पुत्ला जलाईसकेपछि पनि प्रदर्शन जारी गरे ।

## बैशाख ११ गते

बिहानदेखिनै प्रतिगमनविरुद्ध नारा जुलुश सुरु भएको थियो । केही दिनअघिको राजाको घोषणापछि आक्रोशित आन्दोलनकारीले राजाको विरुद्धमा चर्का नारा लगाएका थिए ।

बनेपामा काभ्रेका पुर्व जनप्रतिनीधिहरुले प्रदर्शन गरेका थिए । जुलुशले बनेपा बजार परिक्रमा गरेको थियो । बनेपा परिक्रमापछि शहीदचोकमा आएर कोणसभा भयो ।

बनेपामा युवाहरुले टाउकोमा कालो बस्त्र लगाई मुरकट्टा जुलुश निकाले । जुलुशसँगै नाँचगान समेत गरिएको थियो । दिउँसौनै काभ्रेका कवि, कलाकार, गायक/गायिकाहरु सहभागी भई लोकतान्त्रिक संगीत सम्मेलन गरियो । साँझ फेरी अर्को राजाको घोषणा आउने हल्ला भयो । केही समयपछि साँझ सम्बोधन गर्नै निश्चित भएपछि हामी राजाको सम्बोधन सुन्न टेलिभिजन नजिक बस्यौ । राजाले दलहरुको माग बमोजिम संसद पुर्नस्थापना गर्दै सात दलको रोडम्यापलाई समेटेर अघि बढ्न आग्रहसहितको घोषणा गरे । त्यसबारे सकारात्मक र नकारात्मक दुवै प्रतिकृया आए । केही आन्दोलन धेरै माथि उठिसकेकोले राजालाई हटाएरै मात्र आन्दोलन रोक्नुपर्ने बताउँदै थिए भने केही सात दलको एजेण्डा पुरा गरिदिएकोले आन्दोलनलाई रोक्नुपर्ने पक्षमा थिए । सात दलले राजाको घोषणालाई सकारात्मक भने र बैशाख १२ गते अधिराज्यभर विजय जुलुश गर्ने निधो गरे । झल्झल्ती आन्दोलनका दिनहरु सम्झे । आफैलाई स्वघोषित जिल्लाको राजा ठान्ने जिविस सभापति यदुमन शाहलाई सम्झे । यदुमन शाहको चुरीफुरी कहाँ पुग्यो होला ? भोलि यदुमन शाहलाई जिविसबाट गलहत्याउने निर्णयमा आन्दोलनकारी पुगेका थिए । उनीहरुको लक्ष्य बनेपाबाट धुलिखेलसम्म विजयजुलुश मनाउने थियो ।

ठूलो त्याग र बलिदानले राजालाई झुकाउन वाध्य आन्दोलनका १९ दिनहरु झल्झल्ती सम्झे । चैत्र २४ गते आन्दोलन नभएर सडकमा आन्दोलन कुरेर बस्ने सर्वसाधारणदेखि बनेपाको चारदोबाटोदेखि तीनदोबाटोसम्म ढाकिने गरी भएको जुलुश पनि सम्झे । जम्मा तीन दिनसम्म गरेको आन्दोलन बढेर १९ दिनसम्म आउँदा खेरीको सफलता पनि । हजारौ सैनिक र प्रहरी लगाएर आन्दोलनमा दबाउँछु भन्ने निरंकुश राजाको विगतको सैन्य शक्तिको दुरुपयोग र वर्तमान हार लाई पनि सम्झे । २०४६ सालको आन्दोलन ताका बच्चै हुनाले सामान्य सहभागी भएको र पढेको इतिहास सम्झदै जनआन्दोलनका १९ दिनमा भोग्दै र सहभागी हुँदै त्यसको प्रत्यक्ष अनुभुति गर्न पाएकोमा आफैलाई भाग्यमानी सम्झिए ।

## गाउँगाउँमा जनआन्दोलन

२०६२ साल चैत्र २४ गतेदेखि सुरु भएको जनआन्दोलनको क्रममा काभ्रेका ८७ गाविस र तीन नगरपालिकामा आन्दोलन नभएका कुनै गाउँ भएनन् । सारा काम छोडेर हजारौ प्रतिगमनविरुद्धको आन्दोलनमा सहभागी भए  हजारौ सर्वसाधारण । कोशीपारीका १७ गाविस, डाँडापारीका ११ गाविस, रोशीपारी, तिमाल क्षेत्र, मण्डन क्षेत्र लगायत सबै ठाउँमा आन्दोलन भएका थिए ।  गाउँमा समेत मशाल जुलुश, राँके जुलुश र विरोध जुलुश त सामान्यनै बनेको थियो । गाउँमा प्रहरी लगायत सुरक्षाकर्मी थिएनन् बरु त्यहाँ आन्दोलन  गर्न उक्साउने शसस्त्र आन्दोलन गरिरहेको माओवादी थियो । शहरी क्षेत्रमा माओवादी सहभागिता कम रहेपनि गाउँमा आन्दोलन गर्न र शहरी क्षेत्रमा आन्दोलनमा जान चाहानेहरुलाई माओवादीले उक्साईरहेका थिए  र सहयोग पनि गरिरहेका थिए । धैरै जसो दिनदिनै टाढा रहेको गाउँबाट समेत आन्दोलनका लागि बनेपा, पनौती, धुलिखेल लगायतका क्षेत्रमा आएका थिए । सबै गाउँमा आन्दोलनका लागि पुग्न असम्भवनै थियो तर हामीले गाउँमा के के आन्दोलन भए भनेर त्यस क्षेत्रका बासिन्दालाई सोध्यौं । कतिपयले आन्दोलन भएपनि कति गते भए ऐकिन गर्न सकेनन् । गाउँका अधिकांश राजनीतिक दलका नेता तथा कार्यकर्ता आन्दोलनका लागि बनेपा, पनौती, काठमाडौ लगायतका क्षेत्रमा आएका थिए । हामीले थाहा पाएसम्मका गाउँका आन्दोलन समेत समेटेका छौ ।

ढुंखर्कमा चैत्र २४ गतेदेखि प्रतिगमनविरुद्धमा आन्दोलन सुरु भएको थियो । उनीहरुले २४ गते बेलुका मशाल जुलुश गरे । चैत्र २६ गते, बैशाख २, ३ र ५ गते गेल्डुङ बजारमा मशाल जुलुश भएको थियो । चैत्र २५ गतेको आन्दोलनकारीहरुले ढुंखर्क बजार परिक्रमा गरे । २७ गते

आन्दोलनकारीहरुले निरंकुश राजा ज्ञानेन्द्रको पुत्ला दहन गरे । ३० गते समेत ढुंखर्कवासीले पुत्ला दहन गरे । छिमेकी च्याम्राङवेशी गाविसमा समेत चैत्र २७ गतेदेखि लगातर बेलुका मशाल जुलुश भएको थियो । चैत्र २८ गते च्याम्राङवेशीमा नाराजुलुशसहित आन्दोलनकारीहरुले प्रतिगमनविरुद्ध जुलुश प्रदर्शन गरे । च्यासिंखर्कमा समेत चैत्र ३० गते आन्दोलनकारीहरु जम्मा भएर प्रतिगमनविरुद्ध जुलुश प्रदर्शन गरे ।

मशाल जुलुश त दिनदिनै भएपनि जिल्लाको शिखरआम्बोटे र खहरेपाँगुका बासिन्दाले बैशाख ५ र ९ गते नाराजुलुशसहित संयुक्त प्रदर्शन गरे । दाप्चा क्षेत्रमा त दिनदिनै जसो जुलुश र मशाल जुलुश भईरहेका थिए । काभ्रे, पातलेखेत, फुलबारी लगायतका क्षेत्रमा दिनदिनै मशाल जुलुश भएका थिए । काभ्रेको पानी ट्यांकीबाट सुरु भएको जुलुश पातलेखेतको हनुमान मावि पुगेर टुंगिन्थ्यो । अन्य दिनहरुमा दिनदिनै मशाल जुलुश र राँके जुलुश भएपनि मंगलटार क्षेत्रमा बैशाख ७ गते शिक्षक, विद्यार्थी, व्यापारी, राजनीतिक दलका प्रतिनीधिहरुको सहभागितामा वृहत जुलुश भएको थियो । जुलुश भ्याकुरेबाट सुरु भई मंगलटार बजारको मंगलजन विजय माविमा पुगेर कोणसभामा परिणत भएको थियो । उनीहरुले पुत्ला दहन समेत गरेका थिए ।

गैह्रीविसौना र नयाँ गाउँ देउपुरमा समेत चैत्र २४ गतेदेखिनै आन्दोलन सुरु भएको थियो । २८ गते गैरीविसौना देउपुरदेखि सिपाघाटहुँदै महादेवस्थानसम्म नाराजुलुशसहित प्रदर्शन भएको थियो । चैत्र २६ र २७ गते मशाल जुलुश भएको थियो । वैशाख १ गते देउपुरमै विरोध जुलुशको आयोजना गरियो ।

डाँडापारी क्षेत्रमा समेत आन्दोलनका कार्यक्रम भए । डाँडापारीका बनखु, डाडागाउँ, घर्तिछाप, गोकुले, फलामेटार, साल्मेचाकल, मिल्चे, साल्धारा, बुढाखानी लगायतका क्षेत्रमा समेत आन्दोलन भएका थिए । साँझ सबै गाविसमा मशाल जुलुश भएका थिए । कोशीपारीका कार्तिकेदेउराली, माँदनकुँडारी, पोखरीचौरी, चौवास, भुम्लुटार, धुशेनीशिवालय, फलाँटे, विर्ता देउराली, वेखसिम्ले, नार्गेगगर्चे, माझीफेदा लगायतका गाविसमा समेत प्रतिगमनविरुद्ध प्रदर्शन भएका थिए । तिमाल क्षेत्रका पोखरीनारायणस्थान, चापखोरी, कानपुर, मेच्छे लगायतका गाविसमा समेत मशाल जुलुश र प्रतिगमनविरुद्धमा प्रदर्शन भए । पलाञ्चोक भगवती, खरेलथोक, कोशीदेखा, होक्से, सरमथली, सस्युखर्क, ठूलो पर्सेल लगायतका गाविसमा समेत प्रदर्शन भएका थिए ।

महादेवस्थान, चण्डेनीमण्डन, जैसीथोक, ज्याम्दी लगायतका क्षेत्रमा समेत लोकतन्त्रको पक्षमा प्रदर्शन भए । अनेकोट, वालुवा, रविओपी, महांकालचौर भुग्देऊ, भुमिडाँडा, कुशादेवी, र्‍याले लगायतले दिनदिनै प्रर्दशन गरेका थिए । बैशाख १ गते पाँचखाल, वालुवा, होक्से, साठीघर भगवती, दोलालघाट, भकुण्डेवेशी लागतयका क्षेत्रमा प्रदर्शन भयो । दोलालघाटमा चैत्र २८ गते जुलुश र कोणसभा भयो भने चैत्र २९ गते, बैशाख २ र ३ गते दोलालघाटमा कोणसभा तथा बैशाख ४ गते निरंकुश राजा ज्ञानेन्द्रको पुत्ला दहन गर्‍यो । बैशाख ७ गते दोलालघाटदेखि तामाघाटसम्म नाराजुलुशसहित प्रदर्शन भयो ।

टुकुचा नाला, उग्रचण्डी नाला, साँगा, जनागाल, बल्थली, सिसाखानी, खार्पाचोक, देवीटार लगायतका गाविसमा समेत प्रदर्शन र नारा जुलुश भए ।

## काठमाडौको आन्दोलनमा काभ्रेली

जनआन्दोलनको क्रममा काठमाडौमा समेत काभ्रेलीको विशेष भुमिका थियो । कांग्रेसका जिल्ला सभापति शिव हुमागाई, एमाले जिल्ला सचिव विदुर सापकोटा लगायत त चैत्र २३ गतेनै काठमाडौ पुगेका थिए । जिल्ला विकास समिति महासंघ सभापति कृष्णप्रसाद सापकोटा, कांग्रेसका युवा नेता मधु आचार्य, नेपाली कांग्रेस प्रजातान्त्रिकका पुर्वसभापति इन्द्रमणि अधिकारी समेत काठमाडौ उपत्यकामै थिए । काभ्रेमा जन्मेर काठमाडौमा बस्दै आएका काभ्रेवासीले जनआन्दोलनमा

महत्वपुर्ण भुमिका खेलेका थिए । भक्तपुरको कौशलटारमा, सुर्यविनायकमा, गठ्ठाघरमा, ललितपुरको पाटनमा, लगनखेलमा, काठमाडौको कलंकीमा, रत्नपार्कमा, वौद्धमा, चाहबिलमा, नयाँ बानेश्वरमा, मैतीदेवमा, बागबजारमा, त्रिपुरेश्वरमा, गोगबुमा, कोटेश्वरमा, न्यूरोडमा होस् या काठमाडौका जुनसुकै क्षेत्रमा होस काभ्रेलीले आन्दोलनमा आफूहरुलाई होमेर काभ्रेबासीको गौरव बढाएका थिए । कांग्रेसका जिल्ला सभापति शिव हुमागाई लगायत १६ जनालाई प्रहरीले वागबजारबाट चैत्र २६ गते निषेशज्ञा तोड्नेक्रममा पक्राउ गर्‍यो र घाइते बनायो । (१६ जनाको नामावली माथि नै दिइएको छ ) कोटेश्वर, बानेश्वर, माइतीघर लगायतका क्षेत्रमा काभ्रेलीले नै आन्दोलन नेतृत्व गरेका थिए । संयुक्त जनआन्दोलन समिति काभ्रेले दिएको जानकारी अनुसार काठमाडौमा भएको आन्दोलनमा मात्र ४१ जना घाइते छन् ।

१.२०६२/१२/२४ काठमाडौको मैतीदेवीमा वालुवाका सुन्दरमणि आचार्य
२.२०६२/१२/२४ काठमाडौ कलंकीमा पोखरीनारायणस्थानका गम्भीर लामा
३.२०६२/१२/२४ काठमाडौको मीनभवनमा पोखरीचौरीका उद्धवप्रसाद गौतम
४.२०६२/१२/२५ काठमाडौको सुन्धारामा गैह्रीविसौनाका शुदर्शन ढकाल
५.२०६२/१२/२५ काठमाडौको सुन्धारामा गैह्रीविसौनाका उपेन्द्र श्रेष्ठ
६.२०६२/१२/२५ काठमाडौको गोपीकृष्णमा पनौतीका नन्दकुमार कार्की
७.२०६२/१२/२५ काठमाडौको सुन्धारामा गैह्रीविसौनाका प्रेमराज कोइराला
८.२०६२/१२/२५ काठमाडौको सुन्धारामा गैह्रीविसौनाका शिवराम डंगोल
९.२०६२/१२/२७ काठमाडौको कोटेश्वरमा पोखरीचौरीका अम्बरबहादुर गौतम
१०.२०६२/१२/२७ काठमाडौको कोटेश्वरमा पोखरीचौरीका टिकाप्रसाद ढकाल
११.२०६२/१२/२७ काठमाडौको चुच्चेपाटीमा विर्तादेउरालीका रामराजा पन्त
१२.२०६२/१२/२७ काठमाडौ त्रिपुरेश्वरमा पोखरीचौरीका नक्कुल चौलागाई
१३.२०६२/१२/२७ काठमाडौ बौद्धमा चापाखोरीका इलाम लामा
१४.२०६२/१२/२७ काठमाडौ बौद्धमा खार्पाचोकका पेमा लामा
१५.२०६२/१२/२८ काठमाडौ गोगबुमा भुमिडाँडाका राजकुमार हुमागाई
१६.२०६२/१२/२८ काठमाडौ चाबहिलमा वालुवापाटी देउपुरका माधव ढकाल
१७.२०६३/१/१ काठमाडौमा पोखरीनारायणस्थानका नरध्वज लामा
१८.२०६३/१/१ काठमाडौमा मेच्छेका लाप्साङ लामा
१९.२०६३/१/१ काठमाडौमा मेच्छेका सनक लामा
२०.२०६३/१/१ काठमाडौमा छत्रेबाँभमा सुमन पाण्डे
२१.२०६३/१/८ काठमाडौ चाबहिलमा कुशादेवीका राजीवराज थापा
२२.२०६३/१/१० काठमाडौ त्रिपुरेश्वरबाट कार्तिके देउरालीका नारायण गौतम
२३. काठमाडौमा देवभुमि वालुवाका जर्नाद्धन आचार्य
२४.काठमाडौमा उग्रचण्डी नालाका गोकुल सापकोटा
२५.काठमाडौ भोटाहिटीमा गोकुल खनाल

*नोटः यहाँ किताबमा प्रकाशन गरिएका तस्वीरहरु राखिएको छैन । तस्वीरका लागि काभ्रेली.कममा राखिएका जनआन्दोलन २०६२/६३ का तस्वीहरु मा हेर्नुहोला ।*